प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २७२ | काठमाडौं | सोमबार, १४ माघ २०८१ | Prabhab National Daily | Monday, January 27, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

सक्रियता बढाउँदै सभामुख

■ **प्रभाव संवाददाता**

- माघ १८ गतेबाट सुरू हुने संसद् अधिवेशनका लागि तयारी
- प्रमुख सत्तापक्ष दल नेपाली कांग्रेस र नेकपा एमालेसँग छलफल
- प्रतिपक्षी दलहरूसँग पनि छलफल गर्दै

काठमाडौं– संसद्को हिउँदे अधिवेशनको मिति नजिकिएसँगै सभामुख देवराज घिमिरेले आफ्नो सक्रियता बढाएका छन्। यही क्रममा उनले आइतबार प्रमुख सत्तापक्ष दल नेपाली कांग्रेस र नेकपा एमालेसँग छलफल गरे। राष्ट्रियसभाबाट पास भई प्रतिनिधिसभामा आएका विधेयकबारे छलफल गरिएको जानकारी दिइएको छ।

सभामुख घिमिरेले आइतबार कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरे र एमाले प्रमुख सचेतक महेशकुमार बर्तौलालाई सिंहदरबारस्थित आफ्नो कार्यकक्षमा आमन्त्रण प्रतिनिधिसभामा रहेको संवैधानिक परिषद्सम्बन्धी विधेयक र मर्यादासम्बन्धी विधेयकका विषयमा धारणा माग गरेका हुन्।

'सभामुखले राष्ट्रियसभाबाट पारित भएर आएका संवैधानिक परिषद्सम्बन्धी विधेयक र मर्यादासम्बन्धी विधेयकलगायत प्रतिनिधिमै अड्किएका अन्य विधेयकबारे धारणा माग गर्नुभएको छ, त्यसबारेमा पार्टीमा छलफल गरेर सोमबार फेरि सभामुखसँग बस्नेगरी आजको

⏭ क्रमशः पृष्ठ २ मा

कांग्रेसका मन्त्रीहरूसँग आज सवालजवाफ

काठमाडौं (प्रस)– नेपाली कांग्रेस संसदीय दलको बैठकमा समसामयिक राजनीतिक विषयमा छलफल भएको छ। शनिबारदेखि सुरु भएको दल कार्यसमिति, पदाधिकारी र पार्टीका तर्फबाट सरकारमा सहभागी मन्त्रीहरूको छलफल सकिएर आइतबार सांसदहरूसँग छलफल गरिएको हो।

आइतबार महामन्त्री गगनकुमार थापाले कांग्रेस र नेकपा एमालेले बनाएको संयन्त्रमा भएका छलफल, संविधान संशोधनका सम्बन्धमा भइरहेका प्रयासलगायत विषयमा जानकारी गराएका थिए। बैठकमा गृहमन्त्री रमेश लेखकले सरकारले गरिरहेका काम र हालै जारी भएका पाँचवटा अध्यादेशबारे जानकारी गराएका थिए। बैठकमा विज्ञहरू प्रताप पौडेल, सेमन्त दाहाल र अधिवक्ता अरुण पौडेलले अध्यादेशलगायत विषयमा प्रशिक्षण दिएका थिए।

पार्टीका मुख्य सचेतक श्यामकुमार घिमिरेले बैठकमा विषय प्रवेश गराएका थिए। आज सोमबारको बैठकमा पार्टीबाट सहभागी १० मन्त्री र दुई राज्यमन्त्रीसँग सांसदले सवालजवाफ गर्न पाउनेगरी कार्यतालिका बनेको जानकारी पनि उनले गराए।

⏭ क्रमशः पृष्ठ २ मा

मुक्कुम्लुङ घटनाको चौतर्फी विरोध

- शान्तिपूर्ण विरोधका लागि भेला भएका संघर्षरत पक्षधरलाई तितरबितर पार्न प्रशासनले शनिबार बल प्रयोग गर्दा ५५ स्थानीय र २१ प्रहरी घाइते
- गोली लागेर गम्भीर घाइते भएका तीन जनाको शिक्षण अस्पताल महाराजञ्जमा उपचार जारी
- स्थलगत अनुगमन गरी वार्ता र सहमतिपश्चात् मात्र निर्माण कार्य अगाडि बढाउन सुझाव दिए पनि उक्त सुझावलाई नजरअन्दाज गरेकोप्रति राष्ट्रिय मानवअधिकार आयोगको ध्यानाकर्षण
- मुक्कुम्लुङ संरक्षण पक्षधरद्वारा माघ १५ गतेबाट अनिश्चित्कालीन नाकाबन्द घोषणा, ग्लोबल बैंकका शाखाहरूमा आज धर्ना दिँदै

प्रहरीको गोलीबाट घाइते भएका यमबहादुर लिम्बू, धर्मन पालुङवा र सगुन लावती (बाँयाबाट क्रमशः) काठमाडौंको महाराजगञ्जस्थित शिक्षण अस्पतालमा उपचार हुँदै।

तस्बिर सौजन्यः मुक्तान थेबा

■ **प्रभाव संवाददाता**

काठमाडौं– शनिबार ताप्लेजुङको मुक्कुम्लुङ अर्थात् पाथीभरा क्षेत्रमा प्रशासनले स्थानीयमाथि गरेको दमनको चौतर्फी विरोध सुरु भएको छ। शनिबार दिउँसो ४ बजे प्रहरीले जबरजस्ती धरपकड गरेपछि उक्त क्षेत्रमा ५५ जना स्थानीय घाइते भएका थिए।

प्रहरीले चलाएको गोली लागी गम्भीर घाइते भएका तीन जना काठमाडौंको त्रिवि शिक्षण अस्पतालमा उपचाररत छन्। उनीहरू सगुन लावती, यमबहादुर लिम्बू र धर्मन पालुङवा रहेका छन्। लावतीको छातीमा, लिम्बूको तीघ्रमा र पालुङवाको दाहिने कुममा गोली लागि चोट पुगेको छ। घाइते भएका दुई जना भने ताप्लेजुङ अस्पतालमा उपचारपछि डिस्चार्ज गरिएको संघर्षरत पक्षले जानकारी दिएको छ।

शान्तिपूर्ण विरोधका लागि भेला भएका संघर्षरत पक्षधरलाई तितरबितर पार्न प्रशासनले शनिबार बल प्रयोग गर्दा झडपको अवस्था सिर्जना भएको थियो। उक्त झडपमा परी २१ जना प्रहरी पनि घाइते भएको जिल्ला प्रशासन कार्यालय ताप्लेजुङका प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले बताए।

यस घटना नजिकबाट अनुगमन गरिरहेको उल्लेख गर्दै राष्ट्रिय मानवअधिकार आयोगले आफ्नो सुझाव नजरअन्दाज गरेको भन्दै सरकारको ध्यानाकर्षण गराएको छ। 'यस घटनाको आयोगको कोशी प्रदेश कार्यालयले अनुगमन गरिरहेको छ। यसअघि आयोगले २०८१ मसिर २ गतेदेखि ८ गतेसम्म स्थलगत अनुगमन गरी वार्ता र सहमतिपश्चात् मात्र निर्माण कार्य अगाडि बढाउन सुझाव दिएको थियो,' आयोगले आइतबार विज्ञप्ति जारी गर्दै भनेको छ।

स्थानीय आदिवासी समुदायले पाथीभरा क्षेत्र स्थानीय लिम्बू याक्थुङ समुदायको सांस्कृतिक एवं आध्यात्मिक विश्वासको केन्द्र रहेको हुँदा यसको ऐतिहासिक नाम मुक्कुम्लुङ नै राख्नुपर्ने, केबुलकार निर्माण कार्य बन्द गर्नुपर्ने विषयमा आयोगलाई ज्ञापनपत्रसमेत बुझाएको आयोगले जनाएको छ। विकास गर्दा नागरिकको अधिकारसमेत राज्यले संरक्षण गर्नुपर्ने आयोगको विज्ञप्तिमा उल्लेख छ। 'विकासको अधिकारसँगै नागरिकको आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय अधिकारको संरक्षण र संवर्द्धनको सुनिश्चितता गर्नु राज्यको दायित्व हुन्छ। राज्य यसप्रति संवेदनशील हुनुपर्दछ।

⏭ क्रमशः पृष्ठ २ मा

जनतामाथि गोली चलाउने काम बन्द गर्न माग

ताप्लेजुङको मुक्कुम्लुङ क्षेत्रमा शनिबार प्रहरीले गोली चलाएको घटनाको विषयमा कोशी प्रदेशको प्रदेशसभामासमेत विरोध उठेको छ। प्रदेशसभा सदस्य एवं माओवादी नेता इन्द्र आङ्बोले आइतबार प्रदेशसभा बैठकमा उक्त घटनाको विरोध गर्दै तत्काल निर्माण कार्य रोक्न माग गरे। धार्मिक क्षेत्रमा भएको द्वन्द्वले राम्रो सन्देश नजाने उल्लेख गर्दै आङ्बोले विकासको नाममा व्यापारी रिझाउन जनतामाथि गोली चलाउन नहुने माग राखे। 'विकास त्यहाँको समुदायको सरोकारको विषय पर्छ। त्यहाँको समुदायको ठूलो भावनासँग जोडिएको ठाउँमा विरोध हुँदा राज्य आतंक र दमन भएको छ। यसको भर्त्सना गर्छु। व्यापारी रिझाउन जनतामाथि गोली चलाउने काम तुरुन्त बन्द होस्। यो राज्यसँग माग गर्दछु,' प्रदेशसभामा आङ्बोले भने।

⏭ क्रमशः पृष्ठ २ मा

भोलिदेखि अनिश्चित्कालीन नाका बन्द

संघर्षरत पक्षले मेची राजमार्ग, तमोर करिडोर र तेह्रथुमबाट छिर्ने नाकाहरूमा भोलि माघ १५ गतेबाट अनिश्चित्कालीन बन्दको घोषणा गरेका छन्। मुक्कुम्लुङ बचाउन संघर्षरत छ वटा संस्थाले संयुक्त विज्ञप्ति जारी गर्दै आन्दोलनका सातबुँदे कार्यक्रमसमेत सार्वजनिक गरेका छन्।

उनीहरूले व्यवसायी चन्द्र ढकालको ग्लोबल आइएमई बैंकमा रहेको खाता बन्द गर्न सबैलाई आह्वान गर्दै आज (माघ १४ गते) उक्त बैंकका शाखाहरूमा शान्तिपूर्ण धर्ना दिने जनाएका छन्। ताप्लेजुङ, पाँचथर, तेह्रथुम, धनकुटा, इलाम, झापा, मोरङ, सुनसरीलगायत कोशी प्रदेशभरका ग्लोबल बैंकका शाखाहरूमा शान्तिपूर्ण धर्ना दिने मुक्कुम्लुङ संरक्षण र केबलकार खारेजी संघर्षरत संस्थाहरूले जनाएका छन्।

⏭ क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

चालु आवको छ महिना

धेरै कामदार पठाउने म्यानपावरमा नीलकमल पहिलो

■ **प्रभाव संवाददाता**

काठमाडौं– चालु आर्थिक २०८१/८२ वर्षको छ महिना (साउन-पुससम्म) मा नीलकमल ह्युमन रिसोर्स प्रालिले सबैभन्दा धेरै कामदार वैदेशिक रोजगारीमा पठाएको पाइएको छ। वैदेशिक रोजगार विभागको पछिल्लो छ महिनाको तथ्यांकअनुसार नीलकमल पहिलो स्थानमा देखिएको हो।

उक्त यस अवधिमा नीलकमलले तीन हजार २६० जनालाई विभिन्न कामका लागि वैदेशिक रोजगारीमा पठाएको तथ्यांक छ। सन् २००८ मा स्थापित यस संस्थाले साइप्रस, मलेसियासहित खाडी मुलुकहरूमा कामदार पठाउँदै आएको छ। यस कम्पनीमार्फत साउनमा ४२० जना, भदौमा ५०६, असोजमा ४१५, कात्तिकमा ४६५, मंसिरमा ६४० र पुसमा ८१४ जना विभिन्न मुलुक गएका देखिन्छ।

दोस्रोमा प्याराडाइज इन्टरनेसलन प्रालि परेको छ। प्याराडाइजले यस अवधिमा तीन हजार १६९ जनालाई रोजगारीका लागि विदेश पठाएको छ। बखुन्डोल ललितपुरमा अवस्थित यस संस्थाले सिंगापुरसहित खाडी मुलुकमा कामदार पठाउँदै आएको छ। यस अवधिमा प्याराडाइजले तीन हजार १६९ जनालाई वैदेशिक रोजगारीमा पठाएको छ।

त्यस्तै तीन हजार १५३ कामदारलाई वैदेशिक रोजगारीमा पठाएर एसओएस म्यानपार एण्ड सर्भिस प्रालि तेस्रो स्थानमा रहेको छ। एसओएसले पनि विभिन्न क्षमता भएका श्रमिकहरूलाई मलेसियाका साथै खाडी मुलुकमा रोजगारीका लागि पठाउँदै आएको छ।

एड्भान्स म्यानेजमेन्ट एण्ड कन्सल्टेन्स् प्रालि धेरै श्रमिक पठाउने मध्य चौथो स्थानमा छ। सामाखुसीमा अवस्थित यस संस्थाले छ महिनाको अवधिमा दुई हजार ५०७ जनालाई रोजगारीका लागि विदेश पठाएको छ। त्यस्तै पाँचौं स्थानमा रहेको एअर किंग्स प्लेसमेन्ट प्रालिले दुई हजार २५६, छैटौंको लिंक इन्टरनेसनल प्लेसमेन्ट सर्भिसेज प्रालिले दुई हजार २०७, सातौंको गल्फ म्यानपावरले दुई हजार ७४, आठौंको साउन्डलाइन्स रिक्रुटमेन्ट प्रालिले एक हजार ९७४ र दशौं स्थानमा रहेको शान नेपाल प्रालिले एक हजार ५८४ जनालाई वैदेशिक रोजगारीमा पठाएका छन्।

धेरै श्रमिक पठाउने म्यानपावरको सूचीमा द रिभर ओभरसिज प्रालि, एसिया लिंक सभिसेज प्रालि, लुलु इन्टरनेसनल, मदल्यान्ड ओभरसिज प्रालि, अल-हायात म्यानेजमेन्ट सिस्टम प्रालि, आयुष ओभरसिजलगायत मेनपावर कम्पनी रहेका छन्। तथ्यांकका आधारमा यी संस्थाहरूले सबैभन्दा धेरै खाडी मुलुक पठाएका छन् भने युरोपेली देश जानेहरूको संख्या पनि बढ्न थालेको छ।

⏭ क्रमशः पृष्ठ २ मा

चालु आवको छ महिनामा धेरै कामदार पठाउने १० म्यानपावर कम्पनी

म्यानपावर कम्पनी	संख्या
नीलकमल ह्युमन रिसोर्स प्रालि	३२६०
पाराडाइज इन्टरनेसनल प्रालि	३१६९
एसओएस म्यानपावर सर्भिस प्रालि	३१५३
एडभान्स म्यानेजमेन्ट कन्सल्टेन्ट्स प्रालि	२५०७
एयर किंग्स् प्लेसमेन्ट प्रालि	२२५६
लिंक इन्टरनेसनल प्लेसमेन्ट सर्भिस प्रालि	२२०७
गल्फ म्यानपावर प्रालि	२०७४
साउण्डलाइन्स रिक्र्युटमेन्ट प्रालि	१९७४
सान नेपाल प्रालि	१५८४
दि रिभर ओभरसिज प्रालि	१४६४

स्रोतः वैदेशिक रोजगार विभाग



जनहितमा जारी सन्देश

जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरू गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरू हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरू अपनाऔं:

- हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने
- कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं
- आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
- आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने गरौं
- हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
- सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गरौं
- गिजरको मुख्य मेसिनलाई बाथरूम बाहिर खुला ठाउँमा जडान गरौं
- गिजर खोलेर लामो समयसम्म बाथरूममा बस्ने नगरौं
- गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरूमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

पृष्ठ १ बाट क्रमशः

मुक्कुम्लुङ...

आदिवासी जनजातिको बसोबास रहेका कुनै पनि क्षेत्रमा विकास निर्माणका कार्य गर्दा सो समुदायवाट अग्रिम जानकारीसहितको स्वतन्त्र, सुसूचित सहमत लिनुपर्ने भन्ने आदिवासी जनजातिको अधिकारसम्बन्धी आइएलओ महासन्धि, १६९ तथा संयुक्त राष्ट्रसंघीय आदिवासी जनजातिको अधिकारसम्बन्धी घोषणापत्र, २००७ मा व्यवस्था रहेको छ,' आयोगले भनेको छ।

स्थानीयको विरोधकाबीच मुक्कुम्लुङ क्षेत्रमा केबलकार आयोजना सुरु भएपछि यस कदमको विरोधमा मुक्कुम्लुङ संरक्षण संयुक्त संघर्ष समितिले आइतबार शान्तिपूर्ण विरोधको तयारी गरेको थियो। विरोध कार्यक्रमको पूर्वतयारीका लागि शनिबार बलुडाँडामा भेला भएका युवाहरूलाई प्रहरीले धरपकड गरेपछि झडप भएको थियो।

राष्ट्रिय मानवअधिकार प्रतिष्ठानले पनि यो घटनाले गम्भीर ध्यानाकर्षण भएको जनाउँदै भर्त्सना गरेको छ। 'केबलकार निर्माणको विरोधमा उत्रिएका नागरिकहरू उपर सुरक्षाकर्मीहरूले व्यापक अश्रुग्यास प्रहार गर्नुका साथै गोलीसमेत चलाएका कारण दर्जनौं प्रदर्शनकारीहरू घाइते भएको घटनाप्रति राष्ट्रिय मानवअधिकार प्रतिष्ठानको गम्भीर ध्यानाकर्षण भएको छ,' संस्थाका अध्यक्ष भवानीप्रसाद खरेल र महासचिव घमान तामाङले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यस प्रकारका घटनाको प्रतिष्ठान निन्दा र भर्त्सना गर्दछ। यस घटनामा घाइते हुनुभएकाहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं।'

जनता समाजवादी पार्टी नेपाल, किरात याक्थुङ चुम्लुङ, नेपालका आदिवासीहरूको मानवअधिकारसम्बन्धी वकिल समूह (लाहुर्निप), राष्ट्रिय आदिवासी जनजाति महिला महासंघलगायत संघसंस्थाले घटनाको विरोध गरेका छन्।

गत कात्तिक २३ गते उक्त क्षेत्रमा केबलकार बनाउन भन्दै शिलान्यासका लागि फुङलिङ नगरपालिकाका मेयर मादेन जबर जस्ती अघि बढेपछि झपड भएको थियो। शिलान्यास हुनै लाग्दा स्थानीयको अवरोधपछि ढुंगा हानाहान र प्रहरीको झडपमा परी छ जना घाइते भएका थिए।

मुक्कुम्लुङ क्षेत्रमा केबलकार निर्माणको जिम्मा पाथीभरा दर्शन केबलकार प्रालिले पाएको छ। त्यसमा ठूलो लगानी नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष ढकालको छ। केबलकार परियोजना निर्माणको जिम्मा भने स्थानीयस्तरमा पाथीभरा केबलकार दर्शन प्रालिका पुष्पबहादुर बरुवाल र सुरेन्द्रकुमार गुरुङले पाएका हुन्। परियोजनाको साझेदार व्यवसायी इन्द्र केदेम लिम्बू पनि छन्।

कम्पनीले मुक्कुम्लुङ क्षेत्रमा केबलकार निर्माण लागि ९० हजार रोपनी जग्गा ९० लाखमा खरिद गरेको छ। र, मुक्कुम्लुङ देशकै पूर्वी क्षेत्रको सर्वाधिक महत्त्वपूर्ण धार्मिक पर्यटकीय गन्तव्य हो। त्यही भएर यहाँको मौलिकता जोगाउन भए पनि केबलकार निर्माण गर्न नहुने केबलकार खारेजी संघर्ष समितिको माग छ। समितिले जबरजस्त केबलकार निर्माण गरिए हिंसा निम्तिने चेतावनी पटक-पटक दिँदै आएको छ। समितिमा उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा), कुमार लिङ्देन नेतृत्वको संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, केपी पालुङ्वा नेतृत्वको राष्ट्रिय जनमुक्ति पार्टीसँगै लिम्बूवान क्रान्तिकारी, लिम्बूवान राष्ट्रिय मुक्ति मोर्चा तथा वैज्ञानिक समाजवादी पार्टी आबद्ध छन्।

यी दलहरूले जग्गा खरिद बिक्रीमा अनियमितता गरेको र व्यापारिक संस्थाको उक्साहटमा सरकारले पाथीभराको क्षेत्र विस्तार गरेको आरोप लगाएका छन्। त्यही भएर केही पहिचान पक्षधर दल र संस्था लगातार आन्दोलनमा छन्।

केबलकार दुई अर्ब ५५ करोड रूपैयाँ लगानीमा निर्माण हुने भनिएको छ। नदेखिनेगरी यती समूहको पनि यहाँ लगानी रहेको बुझिएको छ। १५ फागुन २०७५ मा तत्कालीन पर्यटनमन्त्री रवीन्द्र अधिकारीसहित यती होल्डिङ्का तत्कालीन अध्यक्ष रहेका पर्यटन व्यवसायी आङछिरिङ शेर्पालगायत यस क्षेत्रमा केबलकार सञ्चालनको सम्भावनाबारे अवलोकन गर्न पुगेका थिए। तर, फर्किएर काठमाडौं आउने क्रममा उनीहरूको हेलिकोप्टर दुर्घटनामा परी निधन भयो। यसपछि केबलकार निर्माण परियोजना सञ्चालनमा ढिलाइ भएको थियो। तर, यतिबेला भने परियोजना निर्माणको कामले गति लिएको छ। यहीबेला पहिचान पक्षधरहरूले अवरोध सिर्जना गरेका छन्। यसप्रति असन्तुष्ट निर्माण व्यवसायीहरूले जिल्लामा 'गेम चेञ्जर'जस्तै आयोजना निर्माणको वातावरण बनाउन स्थानीय प्रशासनले असहयोग गरेको आरोप लगाउँदै आएका थिए।

* * *

जनतामाथि गोली...

केबलकार निर्माण कार्य तत्काल रोकेर सरकारले शान्तिपूर्ण तवरले निकासा दिनुपर्ने मागसमेत उनले राखे। 'निर्माण कार्यलाई तत्काल रोकेर त्यहाँ भएको सशस्त्र प्रहरीलाई फिर्ता गरेर शान्त वातावरण बनाउन सरकारसँग माग गर्दछु। पवित्र धार्मिक स्थलमा शान्तिपूर्ण अवस्था कायम होस् पहिलो। सरकारले शान्तिपूर्ण तवरले यसको निकासा दिनुपर्छ। संस्कृतिमाथि धावा बोल्ने काम बन्द गर्नुपर्छ,' सांसद आङ्बोले भने।

* * *

भोलिदेखि...

यसैगरी फुङलिङ नगरपालिकाका मेयर अमिर मादेनलाई जिल्ला बाहिर जान निषेध गर्ने र पाथीभरा क्षेत्र विकास समिति खारेज गर्नुपर्ने मागसमेत अघि सारिएको छ। ताप्लेजुङका प्रजिअ शर्मा र सशस्त्र प्रहरीका जिल्ला प्रहरी प्रमुख डिएसपी रवि रावलले सार्वजनिकरूपमा माफी माग्नुपर्ने र उनीहरूलाई कडा कारबाही गर्नुपर्ने मागसमेत आन्दोलनकारीले गरेका छन्।

* * *

धेरै कामदार...

अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा पनि नीलकमल नै वैदेशिक रोजगारीमा सबैभन्दा धेरै कामदार पठाउने म्यानपावर बनेको थियो।

एक जनामात्र पठाउने कति ?

चालु आवको पहिलो महिना साउनमा एक जना श्रमिकलाई मात्र विदेश पठाउने म्यानपावर ३४ वटा रहेका थिए। भदौमा पनि यस्तो संख्या ३४ वटा नै कायम रहेकोमा असोजमा घटेर २९ वटामा सीमित भएको देखिन्छ। कात्तिकमा ४३, मंसिरमा ४० र पुसमा ५१ वटा संस्थाले एक जनालाई मात्र विदेश पठाएका छन्।

यसैगरी १०० जनाभन्दा बढी कामदार पठाउने म्यानपावर साउन महिनामा ६३ वटा, भदौमा ७८, असोजमा ६३, कात्तिकमा ५१, मंसिरमा ८० र पुसमा ७९ वटा रहेका छन्। यसअघि सरकारले म्यानवार कम्पनी नवीकरणका लागि वर्षमा न्यूनतम १०० जना कामदार पठाउनुपर्ने व्यवस्था लागू गरेकामा व्यवसायीहरूको विरोधपछि उक्त प्रावधान हटाइएको थियो। अघिल्लो आर्थिक वर्षमा २५६ कम्पनीले १०० जनाभन्दा कम श्रमिक पठाएका थिए।

* * *

कांग्रेसका मन्त्रीहरूसँग ...

आजको बैठकमा सांसदहरूले बोलेपछि पार्टीका तर्फबाट सरकारमा सहभागी मन्त्री र राज्यमन्त्रीले जवाफ दिने कार्यतालिका रहेको छ। त्यसपछि पार्टीका नेताहरूले सम्बोधन गर्ने कार्यक्रम रहेको मुख्य सचेतक घिमिरेले सुनाए। पार्टी सभापति शेरबहादुर देउवालगायतले सम्बोधन गरेसँगै दलको बैठकका निर्णय पनि सार्वजनिक गरिने जनाइएको छ।

* * *

सक्रियता...

छलफल टुंगिएको छ,' कांग्रेस प्रमुख सचेतक घिमिरेले भने। एमाले प्रमुख सचेतक बर्तौलाले भने संसद्मा विचाराधीन सबै विधेयक अघि बढ्ने बताएका छन्। संसद्को हिउँदे अधिवेशन यही माघ १८ गतेका लागि आह्वान गरिएको छ। संसद्को हिउँदे अधिवेशनको पहिलो दिन प्रधानमन्त्री केपी शर्मा ओलीले सम्बोधन गर्ने प्रमुख सचेतक बर्तौलाले जानकारी दिए। सभामुख घिमिरेले प्रतिपक्ष दलहरूसँग पनि छलफल गर्ने जानकारी दिइएको छ।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०२/०३ मा दर्ता भएको **प्रा.लि. नं. २९०७४९/०७८/०७९** को **पवन मिनी सुपर मार्केट प्रा.लि.** को मिति २०८१/१०/१३ को विषेश बैठकको निर्णय वमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,
ठेगाना: बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०५/०१ मा दर्ता भएको **प्रा.लि. नं. २२१६२४/०७६/०७७** को **सिराईचुली इन्टरप्राईजेज प्रा.लि.** को मिति २०८१/१०/१३ को विषेश बैठकको निर्णय वमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,
ठेगाना: बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४

सूचना ! सूचना !! सूचना !!!

नेपाल बैदेशिक रोजगार महिला व्यवसायी संघको मिति २०८१/१०/१७ गते गर्ने भनिएको साधारण सभा यस संघका वरिष्ठ उपाध्यक्ष श्रीमति शुभद्रा देवी बराल मिश्र ज्युको असामयिक निधन भएका कारण आगामी मिति २०८१/११/२३ गते गर्ने जानकारी गराउदछौं।

माधुरी मुडभरी
महासचिव

सीता देवकोटा
अध्यक्ष

नेपाल बैदेशिक रोजगार महिला व्यवसायी संघ

एनएमबि बैंक लिमिटेड

बबरमहल, काठमाडौं फोन नं.: ५३४६१६०
हकदाबी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मितिः २०८१/१०/१४

यस बैंकका निक्षेपकर्ता श्री बिहार दासको नाति श्री तुलसि दासको छोरा, धनुषा जिल्ला, बटेश्वर गाउँपालिका वडा नं. ०५ घर भई हाल बटेश्वर गाउँपालिका वडा नं. ०५ बस्ने वर्ष ७० को श्री राम किसुन दास (ना.प्र.नं. ८२८८०६५८, जारी मिति २०३४/०२/२६, जारी जिल्ला धनुषा) को मिति २०८१/०७/१६ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनि निजको एकाघरको श्रीमती सुकमरिया देवी तत्मीनले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदाबी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदाबी गर्न आउनु हुन अनुरोध छ। अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकका श्रीमती सुकमरिया देवी तत्मीनलको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

युएइमा रोजगार कम्पनी : NASHMA AL JAMAL CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८०/११/२९ पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/१३ LT. No. 301480 चलानी नं. ६०२१६३४१

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	AED	ने.रू.							
1	Building Painter	100	0	1000	३७,४८०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ २१ गते (3rd Feb. 2025) मा हुनेछ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	निःशुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Advance Recruitment Service Pvt. Ltd.
Gaushala, Ktm, Nepal,Tel: +977-1-4486946/4492505, Fax: +977-01-4485069
श्रम ईजाजत नं. ४४४/०६०/०६१

ओमन/साउदीमा रोजगार कम्पनी : AL RAHAJ INTERNATIONAL शेवा शुल्कः निःशुल्क

पूर्व स्वीकृति मिति : २०८१/१०/११ LT. No. 317755 चलानी नं. ६०२३१९६०

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	OR	ने.रू.							
1	Arabic Coffe Maker	1	0	150	५३,६९०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Dish Washer	1	0	130	४६,५३०							
3	Juice Makers	1	0	150	५३,६९०							
4	Service Crew (Sandwich Maker)	2	0	140	५०,११०							

कम्पनी : TAMYIZ AL MAHA KITCHEN ESTABLISHMENT शेवा शुल्कः १०,०००

पूर्व स्वीकृति मिति : २०८१/१०/११ LT. No. 317553 चलानी नं. ६०२३१९७३

सि. नं.	कामदारको पद	पुरुष	महिला	SR	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Kitchen Worker	1	0	1200	४४,०४०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : SHUAIB AHMED AL SHUAIBI GENERAL CONTRACTING ESTABLISHMENT शेवा शुल्कः १०,०००

पूर्व स्वीकृति मिति : २०८१/१०/१० LT. No. 317552 चलानी नं. ६०२३१९७४

सि. नं.	कामदारको पद	पुरुष	महिला	SR	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Load & Unloading Workers	1	0	1500	५५,०५०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ २१ गते (3rd Feb. 2025) मा हुनेछ।

कम्पनी : THURAYA FAHD BIN ALI AL DOSARI GENERAL CONTRACTING ESTABLISHMENT शेवा शुल्कः १०,०००

पूर्व स्वीकृति मिति : २०८१/१०/१३ LT. No. 317776 चलानी नं. ६०२३२००९

सि. नं.	कामदारको पद	पुरुष	महिला	SR	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Load & Unloading Workers	4	0	1000	३६,७००	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : INVENTION AND CREATIVITY FOUNDATION FOR GENERAL CONTRACTING शेवा शुल्कः १०,०००

पूर्व स्वीकृति मिति : २०८१/१०/१३ LT. No. 317777 चलानी नं. ६०२३२००८

सि. नं.	कामदारको पद	पुरुष	महिला	SR	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Helper	3	0	1000	३६,७००	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : TARHAL AL SHARQ LIMITED IS A ONE-PERSON COMPANY शेवा शुल्कः १०,०००

पूर्व स्वीकृति मिति : २०८१/१०/१३ LT. No. 317778 चलानी नं. ६०२३२००६

सि. नं.	कामदारको पद	पुरुष	महिला	SR	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Construction Worker	5	0	1000	३६,७००	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ २२ गते (4th Feb. 2025) मा हुनेछ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

युएइमा रोजगार कम्पनी : AL DAR AL MUBARAK CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८१/१०/११ LT. No. 317522 चलानी नं. ६०२३१९०१

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	AED	ने.रू.							
1	TILE LAYER	24	0	1200	४४,९७५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ २१ गते (3rd Feb. 2025) मा हुनेछ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	निःशुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

BHAIRAB INTERNATIONAL SERVICE PVT. LTD.
श्रम ईजाजत नं. ३०७/०५९/६०
Sinamangal-9, Kathmandu, Nepal. Tel: + 977-1-4110906
Email: service.bhairabintl@gmail.com

कुवेतमा रोजगार कम्पनी : Emy Snacks Restaurant Co

पूर्व स्वीकृति मिति : २०८१/१०/१३ LT. No. 317738 चलानी नं. ६०२३१९९०

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	KD	ने.रू.							
1	Barista	2	0	120	५३,६२०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Chef	2	0	150	६७,०२५							

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ २१ गते (3rd Feb. 2025) मा हुनेछ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	निःशुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

कुवेतमा रोजगार कम्पनी : Alataa International Company For Consumers Order Delivery

पूर्व स्वीकृति मिति : २०८१/०३/१९ पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/१३ LT. No. 307161 चलानी नं. ६०२२२११३

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	KD	ने.रू.							
1	Light Driver	8	0	135	६०,३२५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ २१ गते (3rd Feb. 2025) मा हुनेछ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	निःशुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Ganapati Overseas Pvt.Ltd.
Sinamangal -9 Kathmandu, Mob: 9813951511, 9851023416, 9851002766
Email: ganapatioverseas8093@gmail.com
श्रम ईजाजत नं. २५८/०५८/०५९

आजको राशिफल

आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

सोमबार, १४ माघ, २०८१

मेष	आम्दानीको स्रोत भएपनि खर्च बढ्ने छ।
वृष	आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव।
मिथुन	दिगो कामको जग बसाउन सकिने छ।
कर्कट	रमाइलो जमघटमा सहभागी बन्ने अजसर।
सिंह	व्यस्तताले शरीरमा कमजोरी पना आउने।
कन्या	विषेश अवस प्रप्त हुनले मन प्रफुल्ल हुने।
तुला	साथिभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुने।
वृश्चिक	नयाँ अवसर साथै भौतिक सुख जुट्ने छ।
धनु	तत्काल फाइदाले परिस्थिति बिग्रने छ।
मकर	स्रोतसाधन जुट्नाले लगानिमा उत्साहा आउने।
कुम्भ	नयाँ काम थालनी गर्ने अवसर मिल्ने छ।
मीन	सुखद् समाचारले उत्साह जगाउन छ।

प्रहरी तथा एम्बुलेन्स

प्रहरी कन्ट्रोल क प्रहरी	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५/४२६१७९०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६९९९
परोपकार एम्बुलेन्स सेवा	४२६०८५९
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५
बाल हेल्पलाइन नेपाल	१०९८
वालवालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६

अस्पताल र विविध

दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२५३४४
नेपाल आँखा बैंक	४४९३६८४
नेपाल आँखा अस्पताल	४२५०६९१
मध्यपुर अस्पताल, भक्तपुर	०१-६६३१६५८
तिलगंगा आँखा अस्पताल	४४९३६८४
वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६७६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४७९८/४४२७४५२
काठमाडौं मोडेल अस्पताल	४२४०८०५२६
बी एण्ड बी अस्पताल	५५३३२०६
मेडिकेयर नेसनल अस्पताल	४४६७०६७
मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स)	४४६७०६७
फ्रेन्डस् अफ शान्ता भवन	४४७०१८१
नेपाल अर्थोपेडिक अस्पताल	४४९३७२५
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल	४४७६१५२
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी	४९११००८
कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज	४३७०१३६
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१११९५७/८५८
ओम हस्पिटल एण्ड रिसर्च सेन्टर	४४७६२२५
नर्भिक, थापाथली	४२५८५५४
सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७१३२२/४३७१३७४
लाइफ केयर अस्पताल	४२२७७३५
मितेरी अस्पताल	६६३१७३६र६६३४०१६
क्यापिटल हस्पिटल (प्रा.) लि.	४२४४०२२
श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं)	४४९८०३५
निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस	४२५५५४०/४२५५५४१ ६६१२२६६
एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर	४३६३४५२/४३६०८८९
मानसिक अस्पताल	४४८०१७०
ह्याम्स अस्पताल, बुद्धनगर	४७८४८४०/४७८५१५७
ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि.	४३५४५३७/४३८१९६२
गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट	४२५८५५२/४२५८५५१
मनमोहन मेमोरियल अस्पताल, लैनचौर	४४११६०५/४४२०८२३
भरोसा अस्पताल प्रा.लि., बानेश्वर	४४७४९६८/४४८९८९१

शववाहन र विविध

सामुदायिक मानसिक स्वा.से. केन्द्र, डाँछी	०१ ६९१२१४४
जनमैत्री हस्पिटल, बालाजु	४३६६३०१-०५
विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु	४३८३१५२/४३८०८४८
नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आइघाट सेवा कन्द्र	४४९२९९९
देव कर्नर निःशुल्क शववाहन सेवा	४४३४०९३
नेपाल मिटर ट्याक्सी संघ	४२२४३७४

नेपाल राष्ट्र बैंक

१४ माघ, २०८१ (२७ जनवरी, २०२५)

मुद्रा	एकाइ	खरिद दर	बिक्री दर
भारतीय रुपैयाँ	१०० को	१६०।००	१६०।१५
अमेरिकी डलर	१ को	१३८.०४	१३८.६४
युरो	१ को	१४३.७३	१४४.३६
पाउन्ड स्टिर्लङ	१ को	१७०.१५	१७०.८९
स्विस फ्रैन्क	१ को	१५२.१९	१५२.८५
अस्ट्रेलियन डलर	१ को	८६.५४	८६.९२
क्यानाडियन डलर	१ को	९५.९२	९६.३३
सिङ्गापुर डलर	१ को	१०१.७७	१०२.२१
जापानी येन	१० को	८.८२	८.८६
चिनियाँ युआन	१ को	१८.९४	१९.०२
साउदी अरब रियाल	१ को	३६.८०	३६.९६
कतारी रियाल	१ को	३७.८६	३८.०३
थाई भाट	१ को	४.०६	४.०८
संयुक्त अरब इमिरेट दिराम	१ को	३७.५८	३७.७५
मलेसियन रिङ्गेट	१ को	३१.०६	३१.२०
दक्षिण कोरियन वन	१०० को	९.६१	९.६५
स्विडिस क्रोनर	१ को	१२.५३	१२.५८
डेनिस क्रोनर	१ को	१९.२७	१९.३५
हङकङ डलर	१ को	१७.७२	१७.८०
कुवेती दिनार	१ को	४४७.८३	४४९.७८
बहराइन दिनार	१ को	३६६.२६	३६७.८५

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

‘टुँडिखेलमा अब रुस्लानको हैन, कोदोको बोत्तल ठडिनुपर्छ’

प्रभाव संवाददाता

काठमाडौं– पूर्वमन्त्री शेरबहादुर तामाङले तामाङ समुदायले बनाउने ल्होछार मेलामा अब विदेशी ब्रान्डको रक्सी नभएर कोदोको रक्सी राख्नुपर्ने बताएका छन् । तामाङ पत्रकार संघले शुक्रबार आयोजना गरेको ल्होछारको तिथि र विधि विषयक अन्तरक्रिया कार्यक्रममा पूर्वपन्त्री तामाङले यस्तो धारणा राखेका हुन् ।

एमाले स्थायी कमिटी सदस्यसमेत रहेका तामाङले टुँडिखेलको ल्होछारमा तामाङ परिकारमात्र राखेर नयाँ विधिको सुरुवात गर्नसमेत आयोजकलाई सुझाएका छन् । ‘रुस्लान भोड्काको बोत्तल ठडिन भएन । हाम्रो कोदोको बोत्तल ठडिने वातावरण बनाउनुपर्‍यो नि । कहिले बस्ने हो त्यहाँ । हाम्रो साइन्स यहाँ उपयोग गर्नुपर्‍यो नि । तामाङकै परिकारकोमात्र स्टल राखौं,’ उनले भने । पूर्वमन्त्री तामाङले अब हरेक विषयमा ल्होछार घरघरमा मनाउने र तामाङ पात्रो बनाएर नयाँ विधि स्थापित गर्नुपर्ने बताए । यसैगरी कार्यक्रमहरूमा प्रदान गरिने प्रमाणपत्रदेखि ब्यानरमा तामाङ महिना, गते र बार प्रयोग गर्नसमेत उनले सुझाए ।

रोशी गाउँपालिकाका अध्यक्षा दिनेश लामाले ल्होछारका विविध आयामबारे अनुसन्धान हुनुपर्नेमा जोड दिए । ‘ल्होछारको बारेमा इन्फरमेटिभ र एनालाइटिकल कुरा आएको छ । तर यो एउटा मिथ हो । यसलाई भ्यालिड बनाउन रिसर्च गर्नुपर्छ,’ कार्यक्रमका लामाले भने । उनले चन्द्र पात्रो र तामाङ समुदायले मान्दै आएको सोनाम ल्होछार कतिको मिल्छ त्यस विषयमा पनि दाँज्नुपर्ने बताए । ‘आधुनिक राज्य व्यवस्थाले हाम्रा कविला राज्यलाई कोलोनाइज गरेर संस्कृतिमाथि अतिक्रमण गरे । कल्चरल्ली कोलोनाइज भएपछि हामी हाम्रो संस्कृतिलाई बिर्सन बाध्य भयौं । अब हामीले कम्पराटिभले स्टडी गर्नुपर्‍यो । नुवाकोटमा पनि राज्य थियो, तेमालमा पनि हाम्रो राज्य थियो भन्ने छ,’ अध्यक्ष लामाले भने, ’चन्द्र पात्रो र यसको तारतम्य कहाँ छ भन्ने कुरा अब हामीले खोज्नुपर्छ । हामीले मान्ने सोनाम ल्होछार र चन्द्र पात्रो कतिको मिल्छ हेरौ ।’

सार्वजनिक सेवा प्रसारण नेपालका सञ्चालक समिति सदस्य फूलमान वलले तामाङ समुदायले सत्ताले निर्माण गरेको संस्कृति नै बोकिरहेको उल्लेख गर्दै यस्तो विषयलाई चिरेर जानुपर्ने बताए । ‘हिजोको सत्ताले निर्माण गरेको ज्ञान सत्ता नै हाम्रो समुदायले बोकिरहेको कल्चर हो । राणाकालमा मासिन्य भयौ । हामी संस्कृति र ज्ञान निर्माण गर्ने ठाउँमै थिएनौं । बजारले निर्माण गरेको कल्चर हाम्रो हितमा छैन । यसलाई हामीले चिर्नुपर्छ,’ उनले भने, ‘यसका लागि न्यु मिडिया नै प्रयोग गर्नुपर्छ । अब टिकटकमा पनि जात्रा गर्नुपर्छ । परम्परागत विषयलाई पनि छाड्न हुन्न् । कम्युनिटी स्ट्रङ हुनलाई इकोनोमी पनि स्ट्रोङ हुनुपर्छ ।’

तामाङ पत्रकार संघका संस्थापक अध्यक्ष रवीन्द्र तामाङले ल्होछार पर्वको विषयमा चीन र नेपालका तामाङहरू निकै नजिक भेटिएको बताए । ‘चीनसँग हामी नजिक रहेछ । तिब्बतमाचाहिँ अलि मिश्रित रहेछ । ल्होछार आएपछि पानीको स्रोतमा पुगेर चोखो पानी ल्याउने आलुम माग्ने ती कुरा हेर्दा ठ्याक्कै चीनसँग मिल्ने देख्दा हामी तिब्बतमा बुद्धिजम विकास हुनुभन्दा अघि नै हामी नेपालमा आइपुगेका हौ कि भन्ने देखिन्छ,’ तामाङले भने ।

कार्यक्रममा लुम्बिनी कलेज अफ बुद्धिजम एन्ड हिमालयन स्टडिजका प्राध्यापक मोहन योञ्जनले ल्होछारको विधिबारे, तामाङ पत्रकार संघका पूर्वअध्यक्ष एवं सल्लाहकार प्रतीक ङेसुर तामाङले सोनाम ल्होछारको तिथिबारे र संघका वरिष्ठ उपाध्यक्ष तिर्थमान वलले ल्होखोर र वर्ग गणनाबारे प्रस्तुति दिएका थिए ।

‘ट्राफिक नियम जोसुकैले पालना गर्नुपर्छ’

म
ट्राफिक
नियम
पालना
गर्छु

पाटन (ललितपुर)– ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले ट्राफिक सचेतनाले यात्रीको जीवनरक्षा र सडक सुरक्षामा अर्थपूर्ण सुधार ल्याउने विश्वास व्यक्त गरेका छन् । काठमाडौं उपत्यका ट्राफिक प्रहरीको सहकार्यमा ललितपुर महानगरपालिकाले आइतबार जावलाखेलमा आयोजना गरेको साप्ताहिक ट्राफिक सचेतनाको शुभारम्भ कार्यक्रममा उनले यात्रुको सुरक्षाका लागि ललितपुरका सडकमा जडान गरिएका ‘स्मार्ट र इन्टेलिजेन्ट’ ट्राफिक लाइट ३६५ दिन सञ्चालन हुने जानकारी गराउँदै विशिष्ट व्यक्तिको आगमन भन्दैमा जिल्लामा ट्राफिक नियम उल्लंघन गर्न नपाइने बताए ।

‘नियम उल्लंघन गर्नेको विवरण प्रविधि (सिस्टम)ले देखाउँछ, जोसुकैले नियम उल्लंघन गरेमा सिस्टमले विवरण संकलन गरिरहेको हुन्छ, सोहीअनुसार हामी कारबाही प्रक्रिया अगाडि बढाउँछौं,’ प्रमुख महर्जनले भने । उनले अहिले कुपन्डोलबाट जावलाखेलसम्म स्मार्ट र इन्टेलिजेन्ट ट्राफिक लाइट जडान गरेर व्यवस्थापन गरिएको जनाउँदै आगामी वर्ष पुल्चोकबाट मंगलबजार हुँदै ग्वार्कोसम्म, सातदोबाटोबाट हरिसिद्धिसम्म र जावलाखेलबाट एकान्तकुना हुँदै भैँसेपाटीसम्मको सडकमा जडान गरेर व्यवस्थापन गरिने उल्लेख गरे ।

‘धेरैले ज्यान गुमाउनुपरेको स्थान कुसुन्तीमा ‘लिफ्ट’सहितको अपांगतामैत्री ‘ओभरहेड ब्रिज’ बनाउने काम भइरहेको छ, सम्पन्न भएपछि अपांगता भएकाहरूले पनि सहजै सडक पार गर्न सक्नुहुने छ । डरलाग्दो र भयावह दुर्घटनाको अवस्था देखिएको पाटन अस्पताल अगाडिको सडकमा ‘ओभरहेड ब्रिज’ निर्माण गर्ने तयारी गरिरहेका छौं, यसलाई छिट्टै पूर्णता दिनेछौं,’ प्रमुख महर्जनले भने । उनले ललितपुरलाई बस्न योग्य सहरका रूपमा विस्तार गर्दै नागरिकको दैनिकी सहज बनाउनेगरी विकास गर्ने भन्दै हरेक साता नयाँ र राम्रो काम गरेर नागरवासीलाई सेवा प्रवाहमा सहजता दिने प्रतिबद्धता व्यक्त गरे । उनले एक सातासम्म सञ्चालन हुने ट्राफिक सचेतनाले जनतामा ट्राफिक नियमसम्बन्धी जानकारी प्रदान गर्ने विश्वास व्यक्त गरे ।

जावलाखेलस्थित प्रांगणमा महानगरप्रमुख महर्जनले ट्राफिक सन्देशमूलक ‘प्लेकार्ड’ देखाउँदै ट्राफिक नियमको पालनाबारे यात्रु, सवारीचालक र पैदलयात्रुलाई सचेतना दिने उद्देश्यले सुरु गरिएको सप्ताहव्यापी कार्यक्रमको उद्घाटन गरे । ललितपुरका प्रमुख जिल्ला अधिकारी रमेशप्रसाद ढकालले आमनागरिकको दैनिकीलाई व्यवस्थापन गर्न नसक्दा समस्या भई यात्रामा अहजता सिर्जना गर्ने भन्दै ट्राफिक सचेतनाले जोखिम घटाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे ।

‘सचेतामस्लक काम सबैले मिलेर गर्नुपर्छ, यस्ता काममा जिल्ला प्रशासनको सहयोग र समन्वय रहने छ, ट्राफिक नियम बुझेर परिपालन गरेको खण्डमा दुर्घटनामा कसैले पनि ज्यान गुमाउनु पर्दैन । सवारीसाधनको नियमित मर्मत र नियम पालना महत्त्वपूर्ण छ, यो असल अभ्यासको सुरुआत गरेकामा महानगरलाई धन्यवाद दिन चाहन्छु,’ उनले भने ।

काठमाडौं उपत्यकाका प्रहरी प्रमुख ध्रुवबहादुर राउतले सडक दुर्घटनामा हाल देशमा प्रत्येक दिन सात जनाले ज्यान गुमाउनुपरेको तथ्यांक प्रस्तुत गर्दै सचेतनाका माध्यमबाट ज्यान जाने अवस्था न्यूनीकरण गर्न सकिने धारणा राखे । उनले ट्राफिक नियम पालनामा सबैले ‘म’बाट परिवर्तनको सुरुआत गर्नुपर्नेमा जोड दिए । उपत्यकाका ट्राफिक प्रहरी प्रमुख विनोद घिमिरेले सुरक्षित समाज निर्माणका लागि ट्राफिक नियम पालन अनिवार्य रहेको बताए । उनले सडक दुर्घटना बढेको बताउँदै गत पुसमा मात्रै काठमाडौं उपत्यकामा सडक दुर्घटनाबाट २० जनाको ज्यान गएको जानकारी गराए । उनका अनुसार दुर्घटनामा मृत्यु हुनेमध्ये सबैजसो दुईपांग्रे सवारी चलाउने रहेका छन् ।

Provincial Government
Sudur Paschim Province
Ministry of Industry, Tourism, Forestry and Environment

Provincial Tourism Development Program Implementation Unit (PDTPIU)

Dhangadhi, Kailali

Invitation For Electronic Bids

Date of First Publication:- 2081/10/09

1. Provincial Tourism Development Program Implementation Unit (PDTPIU) invites electronic bids from Nepalese eligible bidders for the following work/supply under National Competitive Bidding procedures.

IFB No.	Name of Project	Bid Security Amount (NRs.)	Estimated Amount (NRs., Exclusive of VAT, PS and Contingencies)	Cost of Bidding Bid Document (NRs.)	Bid Validity (Days)
PTDPIU/W/NCB/081/082-01	Supply of Brass plate (tamrapatra) and construction of Guest house at Tripura Sundari Temple, Dashrathchand-8, Baitadi	2,84,000	83,99,195.13	3000	90
PTDPIU/W/NCB/081/082-02	Construction of religious tourism trail from Tripura Sundari Temple through Kapadi village to Kailpal Mandau Dashrathchand- 8, Baitadi	1,26,000	42,12,953.74		

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Provincial Tourism Development Program Implementation Unit (PDTPIU) or may & PPMO's website www.bolpatra.gov.np.

Unit Chief

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक बिकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय

महाकाली प्रादेशिक अस्पताल

महेन्द्रनगर, कञ्चनपुर

सेवा करारमा कर्मचारी भर्ना गर्ने सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/१०/१४ गते)

यस अस्पतालको रिक्त दरवन्दी, तथा चालु आ. व. ०८१/०८२ मा स्विकृत बार्षिक कार्यक्रम अनुसार करार सेवामा चिकित्सक तथा स्वास्थ्यकर्मी ब्यवस्थापन गर्ने सम्बन्धि मापदण्ड, २०७७ (दोस्रो शंसोधन २०७९) बमोजिम तपसिलको पदमा करार सेवामा कर्मचारी भर्ना गर्नुपर्ने हुँदा यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र तोकिए बमोजिमको आवश्यक योग्यता पुगेका इच्छुक नेपाली नागरिकले आवश्यक फाराम भरि आवेदन दिन हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

बिज्ञापन नं.	पद	तह	आवश्यक साख्या	न्यूनतम शैक्षिक योग्यता तथा अनुभव	परीक्षाको किसिम
०८।०८१।०८२	मेडिकल अधिकृत	अधिकृत आठौं	३	मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS वा सो सरह उत्तिर्ण गरेको र नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको हुनुपर्ने ।	मौखिक अन्तरवार्ता
०९।०८१।०८२	हेल्थ असिस्टेण्ट	सहायक पाँचौं	२	मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ असिस्टेण्ट कोर्ष उत्तिर्ण गरेको र सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्ने ।	लिखित परीक्षा
१०।०८१।०८२	स्टाफ नर्स	सहायक पाँचौं	५	मान्यता प्राप्त शिक्षण सँस्थाबाट PCL नर्सिंग उत्तिर्ण गरेको र नेपाल नर्सीङ्ग काउन्सिलमा दर्ता भएको हुनुपर्ने ।	लिखित परीक्षा
११।०८१।०८२	फार्मसी सहायक	सहायक पाँचौं	१	मान्यता प्राप्त शिक्षण सँस्थाबाट फार्मेसितर्फ PCL तह उत्तिर्ण गरेको र नेपाल सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्ने ।	लिखित परीक्षा

नोटः-

१. दरखास्त फाराम दस्तुरः मेडिकल अधिकृत पदका लागि रू.१,२००।- –अक्षरेपी एक हजार दुइ सय मात्र), हेल्थ असिस्टेण्ट, स्टाफ नर्स र फार्मसी सहायक पदका लागि रू. ७००।- (अक्षरेपी सात सय रुपैयाँ मात्र), ।
२. दरखास्त फाराम बुझाउने अन्तिम मितिः २०८१/१०/२० गते अपरान्ह ५:०० बजेसम्म ।
३. दरखास्त फाराम यस अस्पतालको प्रशासन शाखामा कार्यालय समयमा दर्ता गराउनुपर्नेछ र दरखास्त फारामको साथमा उम्मेदवारले नेपाली नगरिकताको प्रमाणपत्र, तथा तोकिए बमोजिमका शैक्षिक योग्यता एवम् अन्य प्रमाणपत्रका स्वः प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ । यस अस्पतालको इमेल ठेगाना mzh.hospital@gmail.com मार्फत समेत दरखास्त फाराम बुझाउन सकिनेछ ।
४. उमेरको हदः- नेपाल स्वास्थ सेवा ऐन २०५३ को दफा १२ बमोजिम हुनेछ ।
५. तलब स्केलः- छनौट भएपछि गरिएको करार सम्झौतामा उल्लेख गरे बमोजिम हुनेछ ।
६. दरखास्त फाराम बुझाएको अन्तिम मितिको भोलिपल्ट अपरान्ह १:०० बजे सम्पर्क गर्नु पर्नेछ।

मेडिकल सुपरिटेन्डेण्ट

रामेछाप नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

रामेछाप बजार, रामेछाप
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति : २०८१/१०/१४)

यस कार्यालयबाट तपशिल बमोजिमको कार्यका लागि प्रकाशित सूचना बमोजिम दर्ता हुन आएका बोलपत्रहरूको आर्थिक तथा प्राविधिक मुल्यांकन हुँदा तपशिल अनुसारको वोलपत्रदाताले पेश गरेको बोलपत्र सारभूत रुपमा प्रभावग्राही तथा न्युनतम मुल्यांकित समेत भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ एवम दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपशिल

सि. नं.	बोलपत्रको नम्वर र कामको विवरण	बोलपत्र दाताको नाम र ठेगाना	कबोल अंक रु. (मु.अ.कर र पि.एस. सहित)	सूचना प्रकाशित पत्रिका र मिति
१	RM/02/081/082, Upgrading of Saune Bolangbolang Barabot Road at Ramechhap Municipality-4.	K & S-Lawang JV	२०७२८१६८.०१	२०८१/०८/१८
२	RM/04/081/082, Upgrading of Manedanda Ratatar Hardeni Maringhat Road at Ramechhap Municipality-9.	K & S-Lawang JV	२०४४०५४३.३४	२०८१/०८/२१

प्रमुख प्रशासकीय अधिकृत

सबैला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

सबैला, धनुषा
मधेश प्रदेश, नेपाल

विधुतीय बोलपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८१/१०/१४

यस कार्यालयको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पूर्वाधार विकास कार्यक्रम अन्तर्गत देहाय बमोजिमका योजनाहरु संचालन गर्नुपर्ने भएकोले उक्त निर्माण कार्य गर्न इच्छुक फर्म कम्पनीले तपसिल उल्लेखित सर्तहरूको अधिनमा रही रीतपूर्वक बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । यस सम्बन्धी सम्पूर्ण जानकारी प्राप्त गर्न www.bolpatra.gov.np/egp, यस कार्यालयको वेब साईट www.sabailamun.gov.np तथा सूचना पाटीमा हेर्न सकिनेछ ।

तपसिल:

ठेक्का नं.	योजनाको नाम	बोलपत्र फारम दस्तुर (रू.)	जमानत रकम (रू.)	फारम खरिद अवधि	फारम दाखिला अवधि	बोलपत्र खोल्ने मिति र समय
SM/Works/NCB/081/082/01	Construction Of incomplete Madan Aasrit School Building Ward No.1	३०००/-	९००००/-	२०८१/११/१५ कार्यालय समय भित्र	२०८१/११/१६ दिनको १२:०० बजे सम्म	२०८१/११/१६ दिउँसो २:०० बजे सम्म
SM/Works/NCB/081/082/02	Construction of incomplete ward No.3 Office Building	३०००/-	१०५०००/-	२०८१/११/१५ कार्यालय समय भित्र	२०८१/११/१६ दिनको १२:०० बजे सम्म	२०८१/११/१६ दिउँसो २:०० बजे सम्म

प्रमुख प्रशाशकीय अधिकृत

प्रभाव दैनिक
National Daily

सम्पादकीय

विवादको भूमरीमा ऊर्जामन्त्री

ऊर्जामन्त्री दिपक खड्का मन्त्री बनेयता दैनिक विवादमा तानिएका छन्। कहिले स्काउटको जग्गा कब्जा गरेको विषयमा त कहिले विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई कारबाहीको धम्की दिएर । हुँदाहुँदा खड्का विद्युत् आयोजना आफूलाई पार्न सेटिङ कसेको विषयमा पनि विवादमा तानिए । जगदुल्ला जलविद्युत् आयोजनाको १६ अर्ब रूपैयाँको ठेक्कामा मिलेमतो गरी ठेकेदारबीच चेक लेनदेन गराएको विषय सेलाउन नपाउँदै खड्काले स्वार्थ बाझिनेगरी आफ्नै मन्त्रालयअन्तर्गतको विधेयक आफ्नो रिसोर्टमा लगेर छलफल चलाए ।

काठमाडौंको बूढानीलकण्ठमा रहेको होलिडे इन रिसोर्ट मन्त्री खड्काकै लगानीमा खुलेको रिसोर्ट हो। उक्त रिसोर्टमा गत माघ ७ र ८ गते मन्त्रालयकै आयोजनामा जलस्रोत विधेयकमाथि समितिले आवासीय छलफल गर्‍यो। सामान्यतया मन्त्रालय र सांसदहरूबीच विधेयकमाथिको छलफल संसदीय समितिकै हलमा हुन्छ । तर खड्काले आफ्नो रिसोर्टमा मन्त्रालयको तर्फबाट विधेयकमाथि छलफल आयोजना गराएका हुन्। आफ्नै रिसोर्ट, आफ्नै मन्त्रालयको विधेयक। मन्त्रीलाई कसले छेक्ने ? अझ उक्त आवासीय छलफलमा सत्तारुढ दलका नेताहरूले विपक्षी दलका नेताहरूलाई छलफलको विषय बाहिर नलान चेतावनी दिएका थिए । यद्यपि जति लुकाउन खोजे पनि उक्त घटना लुकेन ।

मन्त्री खड्काविरूद्ध पूर्वाधार समितिमा एक महिनाअघि नै छानबिनको माग गर्दै उजुरी परेको छ । ४५४ मेगावाटको किमाथांका अरूण जलविद्युत् आयोजना र एक हजार ९०२ मेगावाटको मुगु कर्णाली जलाशययुक्त आयोजनाको विषयमा सूचना निकाल्नुअघि नयाँ कार्यविधि निर्माण गरिएको र सेटिङमा आयोजना दिनेगरी अघि बढाइएको उजुरीमा उल्लेख छ । पुस १२ गते दिइएको उजुरीमा छानबिन माग गरिएको थियो । तर, परेको उजुरीमाथि मन्त्रीसँग सोधपुछ गर्नुको साटो समितिका सांसदहरू मन्त्रीकै होटलमा पुगेर मन्त्रालयसँग सम्बन्धित विधेयकमाथि छलफल गरे ।

उक्त समितिमा पूर्वमन्त्रीहरूसमेत सहभागी थिए । अहिले यो घटनालाई सामसुम पार्न मन्त्री खड्काले विभिन्न लेपन लगाइरहेका छन् । केही काम गर्न नसकेको सरकारले विवादित मन्त्रीको विषयमा पनि केही बोल्न सकेको छैन । यस्तो विषयमा प्रधानमन्त्री केपी शर्मा ओलीले पनि केही न केही कदम चाल्नुपर्ने हो। यसैगरी सुशासनको पक्षधर मानिने नेपाली कांग्रेस पनि यस विषयमा मौन छ। यस्तो उदेकलाग्दा काम गर्ने मन्त्री र आफ्नो नेतालाई कांग्रेस र सरकारले तत्काल कारबाही नगर्नुको कारण के हो ?

श्रम सरोकार

वैदेशिक रोजगारबाट यी अवस्थामा फर्किए क्षतिपूर्ति पाइन्छ

कुनै वैदेशिक रोजगार कम्पनीले वैदेशिक रोजगारीमा पठाउन रकम लिएर तीन महिनाभित्र पनि पठाउन नसकेमा त्यस्तो कम्पनीका विरुद्ध उजुरी गरी २० प्रतिशत ब्याजसहित वैदेशिक रोजगार विभागले फिर्ता गराउन सक्छ । तर, कुनै कामदारले प्रवेशाज्ञा (भिसा) प्राप्त भएपछि पनि जान इन्कार गरेमा भने प्रवेशाज्ञा शुल्क कट्टा गरी बाँकी रकममात्र फिर्ता पाइन्छ । कसैले वैदेशिक रोजगारीमा पठाइदिन्छु भनी झूठो आश्वासन दिई कुनै रकम लिएमा लिएको रकमको ५० प्रतिशत हर्जाना र विदेश जान र आउन लाग्ने खर्चसमेत असुल गराइन्छ ।

वैदेशिक रोजगारीका क्रममा सम्झौतामा उल्लेख भएबमोजिमको सर्तबमोजिम पारिश्रमिक नपाएमा वा काममा फरक परेमा विभागमा उजुरी गरी रकम असुल गर्न सकिन्छ। कुनै मुलुकमा युद्ध माहामारी वा प्राकृतिक विपत्ति परी स्वदेश फर्केको भए स्वदेश फर्केलगत्तै वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा सम्पर्क गर्नुपर्छ। त्यहाँबाट आर्थिक सहयोग पाइन्छ ।

वैदेशिक रोजगारको क्रममा रोजगारदाता कम्पनी खारेज भएर वा आर्थिक मन्दीलगायत अन्य कारणले कम्पनी बन्द भई रोजगार समाप्त भई स्वदेश फर्कनुपरेमा स्वदेश फर्केलगत्तै बोर्ड र विभागमा सम्पर्क गर्नुपर्छ । ती निकायले क्षतिपूर्ति भराउनसक्छ । विदेशमा कामको सिलसिलामा अंगभंग भई स्वदेश फर्केको ९० दिनभित्र बोर्डमा सम्पर्क गरे आर्थिक सहायता पाइन्छ । वैदेशिक रोजगारमा जाँदा लिइएको स्वास्थ्य परीक्षण प्रमाण गन्तव्य मुलुकमा अस्वीकार भई स्वदेश फर्कनुपरेमा स्वास्थ्य व्यवसायी महासंघमा सम्पर्क गर्नुपर्छ। त्यहाँबाट लागेको रकम फिर्ता पाउने व्यवस्था छ।

वैदेशिक रोजगारका क्रममा मृत्यु भएमा कल्याणकारी कोषको रकमबाट बोर्डले मृतकको परिवारलाई एक लाख ५० हजार रूपैयाँ दिने गर्दछ । यसैगरी बिमा भएको पाँच लाख रूपैयाँ पनि परिवारका हकदारले पाउने छन् । उक्त रकमका लागि मृतकको परिवारले मृत्यु भएको एक वर्षभित्रै निवेदन दिनुपर्दछ । वैदेशिक रोजगारीका क्रममा पीडित भई फर्केका कामदारका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाले सहयोगात्मक विभिन्न कार्यक्रम चलाएका हुन्छन्। ती संघ संस्थामा पनि सम्पर्क गरेर सहयोग कार्यक्रमबाट लाभ प्राप्त गर्न सकिन्छ।

बज्रयोगिनीदेखि मणिच्युड महाराजको देश साँखु

■ पदम श्रेष्ठ

साँखुमा प्रत्येक वर्षझैं यस वर्ष पनि माघ महिनामा लाग्ने स्वस्थानी व्रत कथा मेला भव्य लागिरहेको छ । यसै अवसरको सदुपयोग गर्दै शंखरापुर नगरपालिकाले माघ १६ देखि २० गतेसम्म पाँच दिने महोत्सवको आयोजना गर्दै छ । जुन महोत्सवलाई पर्यटनसँग जोड्दै लैजान साँखुबासी लागिपरेका छन् । यसका लागि साँखु किन भनियो, यहाँका ऐतिहासिक, सांस्कृतिक र पर्यटकीयस्थलबारे स्थानीय विज्ञहरूबाट लिएको आख्यान, इतिहास लेखन आदि केलाउँदा निम्न तथ्यहरू पाइएका छन् ।

तथ्यमा साँखु

बोधिसत्व मणिच्युड महाराजद्वारा आफ्नै शिरको मस्तक काटेर दान गरी देशबासीलाई असाध्य रोगबाट बचाएको ठाउँ भनिन्छ, साँखुलाई । त्यसैले बज्रयोगिनीको देश साँखुलाई काठमाडौंको शिर पनि भनिन्छ। प्रत्येक वर्ष मिलापुन्ही (पुस पूर्णिमा) देखि सिः पुन्ही (माघ पूर्णिमा) सम्म शैल अर्थात् शालीनदीमा लाग्ने स्वस्थानी व्रतकथा मेला र चैत पूर्णिमा सक्वः पुन्हीको बज्रयोगिनी जात्राले साँखुलाई प्रख्यात् बनाएको छ । बौद्ध जोरपाटीबाट १५ किलोमिटर पूर्व थुगुङ्, सलगुङ्, गुभागुङ् र इतागुङ् डाँडाले घेरिएको साँखु बज्रयोगिनीको आज्ञाअनुसार राजा शंखदेव र पुजारी जोगदेव बज्र मिली कलिगत संवत् १८०१ मा साँखुलाई नौ संयोजन र शंखाकारयुक्त बनाएको मानिन्छ । नेपालभाषामा सँकोले तिव्बत मुनिको देश भनिएको हो । जुन साँखु बस्तीलाई नौवटा विहारहरूले संरक्षित तुल्याएका छन् ।

जसमा पदम गिरी धर्म धातु महाविहार बज्रयोगिनी (योगेन्धर बहाः), सिद्धि कुल धुलायटोल (थथुबहाः), बज्रचक्र सालखाटोल (ओपी बहाः), ज्ञानचक्र दुगाहिटी (याम बहाः), धर्मधातु दथुननी (सुय बहाः), गुणाकर सुन्टोल (कोबहाः), जयनाकर चलाखुटोल (मुसु बहाः), धर्मचक्र दुगा हिटी र होनाकर दथु चुक (दुछै बहाः) थिए ।

साँखुभित्रका कुण्डः रत्न कुण्ड, धर्म कुण्ड, मणि कुण्ड, मान कुण्ड, गुणवान् कुण्ड, पूर्णेण्डु कुण्ड, शितली कुण्ड, तारा कुण्ड, योग कुण्डमा अनन्त, पद्म, तक्षक, बासुकी, शंखपाल, कर्कोटक, कुलिक, महापद्म र वरूण नागराज रहेका छन् । यसैगरी नौवटा ढुंगे धारामा जोगहिटी, तःहिटी, द्वगाहिटी, लांकोहिटी, जयवलीहिटी, छपुहिटी, निपुहिटी, स्वपुहिटी र सुपालीख्य हिटी छन् ।

महाकाल टोलमा महालक्ष्मी, दथुमसालमा चामुण्डा साधुश्मसानमा ब्रह्मायणी,उपश्मसानमा रूद्रायणी, बाङ्दोलमा वाराही, इतामुगमा इन्द्रायणी, सलंख्वमा कुमारी, इविचासमा वैष्णवी र सलगुंमा सिंहिनी व्याघ्रिनी अष्टमातृका गण छन् । राजा अंशुवर्माकी छोरी भृकुटी र चीनका सम्राट स्रङचङगम्पोबीच स्वयम्बरस्थल बज्रयोगिनीलाई ने.सं. १८७ तिर नेपाल पसेका शंकराचार्यले ध्वस्त पारेका थिए । तर बुद्धको पूर्वजुनी मणिशैलबाट बगेको शैलनदीमा माघ महिनाभर महायानी लुगा पहिरने, नारायणको नाम लिई शिवको व्रत र बज्रयोगिनीको क्षमापूजा हुँदै आइरहेका छन् यहाँ ।

सात पोखरी, सांस्कृतिक डबली, २७ चोक

जवगु कलसपुखु, खवगु कलस पुखु, भौ ध्वाखा, द्यो पुखु पुखुलाछी, महाद्यो पुखु साल्खा, पलिस्वाँ पुखु स्वाँला, पलिस्वाँ पुखु धलंक्वय र दथुननी क्वापाद्यो पुखु गरी सातवटा पोखरी छन् । द्यो दबू धुलाय त्वाः, जनदबू साल्खाटोल, देवीदबू चाला खुटोल र लायकुदबू इल्लाटोलमा निर्माण गराएको पाइन्छ । तिनांख्य, तःख्य, सलंख्य, इताख्य, याल्मा, ज्वःख्य, ससुख्यः, सुपालीख्य नाउका गरी खेलकुदका लागि सातवटा खुला चौर रहेका छन् । ४७ फल्चा पाटी, २२ सत्तल, ६४ लिंगेश्वर र आठवटा ध्वाखा थिए । तीमध्ये देवता भित्र्याउने द्यो ध्वाखा, बुहारी भित्र्याउने भौमचा ध्वाखा, छोरी विवाह गरी अन्माउने म्हचायमचा ध्वाखा, मृतकलाई घाट पुर्‍याउने सी ध्वाखा र शैल नदीमा माधवनारायणको मूर्ति लैजाने नारांद्यो ध्वाखा छन् ।

शैलनदी (साली नदी)

बोधिसत्व मणिच्युड महाराजको वासस्थानबाट बगेको नदी शैलनदी साँखुबाट दुई किलोमिटर पूर्व ओर्लिएपछि पुगिन्छ । जहाँ पुस मिलापुन्हीदेखि माघ सिः पुन्ही गौतम बुद्धको आयुसंस्कार परित्यागको दिनसम्म स्वस्थानी व्रतमेला लाग्दछ । नदीमा स्वस्थानी मन्दिर, भीमसेन, गणेश, शिव, चन्द्रावती कुष्ठरोगीको घर, नाग, माधवनारायण मन्दिर छन् । नौ थरे नेवारको लास जलाउने घाटमा साँखुको इन्द्रायणी गुठी कात्य र सिकाकु छन् ।

ज्योतिर्लिगेंश्वर महादेव

शालीनदीमा ३०० वर्ष पुरानो पिपलको रूखमा नारायण डबली दुईतले प्यागोडाशैलीको मन्दिर छ । ने.सं. ७५४ मा काशीराम भारोद्वारा निर्मित यस मन्दिरमा माघे संक्रान्तिमा खटजात्रा हुन्छ ।

म्हासुख्वा माजु बज्रयोगिनी

साँखु ध्वाखाबाट ढुंगेभर्‍याङ उक्लिए बज्रयोगिनी पुगिन्छ । आख्यानुसार सत्ययुगमा पञ्चरश्मिस्वरूप गुंविहारमा मन्दिर अष्टसिद्धि अग्नेधर बज्राचार्यले बनाउन लगाए । भनिन्छ, बज्रयोगिनीकै सल्लाहमा मञ्जुश्रीले उपत्यकाको पानी बाहिर पठाएका हुन् । सुन्दर वनको बीच तीनतल्ले धातुछानायुक्त बज्रयोगिनी मन्दिर राजा प्रताप मल्लले ने.सं. ७७५ मा पुनर्निर्माण गराएका थिए । मन्दिरको तीन ढुंगेधारामा कुँदिएको अस्पष्ट लिच्छवी संवत् २८८ ले यो शिक्षास्थल थियो भन्ने प्रस्ट हुन्छ । स्वयम्भूचैत्य र १६औं शताव्दीको दुईतल्ले मन्दिरभित्र अमिताभ बुद्ध छन् ।

धर्मदेव, विक्रमादित्य र विक्रम संवत्

वंशावलीअनुसार अशोकले छोरी चारूमतीको विवाह देवपत्तन पशुपतिका देवपालसँग गराएपछि १४औं किराती राजा स्थुङकोले विशालनगरबाट आफ्नो राज्य टोखादेखि साँखु विस्तारसम्म विस्तार गरे । त्यसैबेला वैशालीपति धर्मदत्तले पशुपतिको उत्तर-पश्चिम कुनामा धर्मदत्तचैत्य स्थापनागरी सुन बनाउने पारसमणि प्राप्त गर्न साँखु बज्रयोगिनीको १२ वर्ष ध्यान बसेको आख्यान प्रचलित पाइन्छ यहाँ । सोही समयको कुरा हो राजाले ठूलो कराइमा तेल तताइ ऋद्धिवलले आफूलाई पाक बनाइ समर्पित गर्थे । एक दिन त्यागबाट प्रशन्न देवीले भनिछन्- भोलि बिहान शुभमुहूर्तमा आउनु, पारसमणि बनाउने सूत्र दिने छु। उक्त कुरा राजाको पाहुना लाग्न आएका विक्रमादित्यले सुनी राजाभन्दा पहिले पुगी आफैंलाई देवीमा समर्पण गरे । देवीले पनि विक्रमादित्यलाई नै पारसमणि सूत्र दिइछन् । परचक्रीसामु गोप्यता जोगाउन नसकेकैले राजा धर्मदेवले साँखु राज्य त्यागी देवीकै ध्यानमा बिताइदिएको रे भन्ने आख्यानसहित बज्रयोगिनी मन्दिर पछाडि बुद्धचैत्य, विक्रमादित्यको टाउको भुइँतलामा र माथिल्लो तलामा बज्रयोगिनीको जात्रा गर्ने मूर्तिघर राखिएको पाइन्छ ।

मणिशैल पर्वतमा अवस्थित मणिच्युड दह

भगवान् गौतम बुद्धभन्दा अगाडिको आख्यान हो । एकपल्ट साँखु देशमा ठूलो खडेरी परी अनिकाल र रोगव्याधीबाट हाहाकार मच्चिए छ । देशबासीलाई असाध्य रोगबाट बचाउन के गर्नुपर्ला भनी तत्कालीन बोधिसत्व राजा मणिच्युड महाराजले यसो ध्यान दृष्टिले हेर्दा आफ्नै शिरको मस्कट काटेर त्यसको जल देशबासीमा खुवाएमा रोगबाट मुक्त हुने तथ्य प्रमाणित भएछ । आफू एक जनाले प्राणको आहूति दिई देशबासीको रोग, भोक र अनिकालबाट मुक्ति मिल्छ भने म त्याग गर्छु भनी आफ्नो शिरको मस्कट काटी आफैंले दान गरेकोले सो पवित्र स्थान मणिच्युड दहको नाउँले प्रख्यात् बन्न पुगेको छ ।

साँखु बज्रयोगिनी मन्दिरबाट चार किलोमिटर डाँडैडाँडा हिँडेर वा गाडी मोटरसाइकलमा पनि पुग्न सकिने मणिच्युड दह यस क्षेत्रको पवित्र तीर्थस्थल पनि हो। यही दह मणिशैल पर्वतबाट झरेको पवित्र नदीलाई शैलनदी (शालीनदी) भनिएको हो। वर्तमानमा स्वस्थानी माताको व्रत बसी माघ महिनाभर यही शैलनदीमा माधवनारायणको भव्य पूजा गरिँदै आइरहेको छ । शैलनदीमा माधवनारायण, बौद्ध देवी बज्रयोगिनी र मणिच्युड महाराजको बासस्थान मणिच्युड दहको मेला, पूजा एकसाथ गर्ने युवा जमात बढ्दै जान थालेको छ।

साँखुको मूल ऐतिहासिक बस्तीबाट दुई घण्टा हिँडेर पुग्न सकिने मणिच्युड महाराजको त्याग भावनाको कदरस्वरूप प्रत्येक वर्ष जेष्ठ पूर्णिमाको दिन यहाँ भव्य मेला भर्ने गरिन्छ । बौद्ध देवी बज्रयोगिनी आफैंमा डाँडामा रहेको पवित्र देवस्थल हो भने त्यो भन्दा माथि डाँडाको बीच एउटा ठूलो पोखरी र राजोपाध्याय वैदिक ब्राह्मणहरूका पुर्खाले अग्निशाल स्थापना गरिएको पवित्र गुफा पनि यहाँ रहेको छ । त्यसैले मणिच्युडलाई त्याग भावनाको पवित्र तीर्थस्थलको रूपमा पुजिन्छ ।

> साँखु बज्रयोगिनी मन्दिरबाट चार किलोमिटर डाँडैडाँडा हिँडेर वा गाडी मोटरसाइकलमा पनि पुग्न सकिने मणिच्युड दह यस क्षेत्रको पवित्र तीर्थस्थल पनि हो । यही दह मणिशैल पर्वतबाट झरेको पवित्र नदीलाई शैल (शाली)नदी भनिएको हो । वर्तमानमा स्वस्थानी माताको व्रत बसी माघ महिनाभर यही शैलनदीमा माधवनारायणको भव्य पूजा गरिँदै आइरहेको छ । शैलनदीमा माधवनारायण, बौद्ध देवी बज्रयोगिनी र मणिच्युड महाराजको बासस्थान मणिच्युड दहको मेला, पूजा एकसाथ गर्ने युवा जमात बढ्दै जान थालेको छ ।

◆

पाठक मञ्च

पहुँचवालालाई छुट !

'ठूलालाई चैन, सानालाई ऐन' भन्ने त नेपाली उखानै छ । पहुँचवालाले यहाँ कानुन तोडे पनि, सीधासाधीको घरबास उजाडे पनि उनीहरूको अगाडि नियामक निकाय हात बाँधेर बस्छ । राजधानीको पुतलीसडकस्थित सिन्सियर सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेडले सडकमा ल्याइपुर्‍याएको भनी पटक-पटक उजुरी पर्दा पनि अख्तियार दुरूपयोग अनुसन्धान आयोग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग आँखामा पट्टी बाँधेर बसेका छन् ।

अवैधरूपमा जोडेको सम्पत्ति छानबिनका लागि गठन गरिएको अख्तियार र सम्पत्ति शुद्धीकरणले अनुसन्धानमा चासो नदेखाएर सीधासाधीलाई 'मर्नु न बाँच्नु' बनाउनेलाई कारबाही नगरेर झन् ठग्नलाई प्रश्रय दिइरहेका छन् । सिन्सियरविरुद्ध पहिलोपटक २०७९ चैत ८ गते अख्तियार र सम्पत्ति शुद्धीकरणमा उजुरी परेको छ । अख्तियारमा दर्ता भएको उजुरीको दर्ता नम्बर सी-०४८८०९ रहेको छ ।

त्यसैगरी, सोही दिन सम्पत्ति शुद्धीकरणमा पनि उजुरी परेको देखिन्छ । उजुरीको दर्ता नम्बर ४४५५ रहेको छ। उजुरीमा सिन्सियरको ठगीधन्दाको नालीबेली उल्लेख गरिएको छ । २०५७ मंसिर २९ गते दर्ता भएको उक्त संस्थाले कसरी ऋणीको सर्वस्व सकायो ? उजुरीकर्ताले उजुरीमा खुलाएका छन् । अर्काको उठीबास लगाएर संस्थाका अध्यक्ष राजेन्द्रभक्त श्रेष्ठ, कार्यकारी निर्देशक राजेश खड्का र कर्जा अधिकृत मीरा कर्माचार्यले सम्पत्ति जोडेकोबारे पनि बेलीविस्तार लगाइएको छ ।

चार पृष्ठ लामो सो उजुरीमार्फत उजुरीकर्ताले उनीहरूले गलत रूपमा कमाएको सम्पत्तिमाथि छानबिन गर्न जोडतोडका साथ माग गरेका छन्। राजनीतिक दल र गुण्डागर्दीको आडमा सिन्सियरले ठगीधन्दा चलाएको उजुरीकर्ताको जिकिर छ । उजुरीमा भनिएको छ, 'राजनीतिक दल र गुण्डाको आडमा ठगीधन्दा चलाएर, हजारौंको उठीबास लगाएर जोडेको सम्पत्तिमाथि छानबिन गर्न भनि अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमक्ष माग गर्दछु। गलत तरिकाले कमाएको सम्पत्ति छानबिन गरी निजहरूलाई कानुनको दायरामा ल्याउन अनुरोध गर्दछु।'

सो उजुरीमा सम्पत्ति शुद्धीकरणलाई बोधार्थ दिइएको छ । उजुरीकर्ताका अनुसार सिन्सियरले विशेषतः ट्याक्सी चालकलाई कर्जा दिने गरेको छ। घरजग्गा, सेयर, निजी गाडीमा पनि सिन्सियरको कर्जा लगानी रहेको छ । कति चालक नपढेका, कति साधारण पढलेख भएकाले ठग्न सजिलो हुने भएकाले उनीहरूलाई कर्जा दिइने उजुरीकर्ताको जिकिर छ। १५ लाखको ट्याक्सी राखेर १० लाख कर्जा दिँदा २५ हजार घूस र २० हजार रूपैयाँ सेवाशुल्क लिइने र मासिक ब्याज पनि १५-२० प्रतिशतले असुल्ने उजुरीपत्रमा उल्लेख छ। एक करोडको घरजग्गा राखेर ६० लाख कर्जा दिँदा १० लाख घूस खाइदिने पनि भनिएको छ। तीन किस्ता नतिर्नेबित्तिकै धितो खाइदिने र मासिक तिरेको किस्ता बचत खातामा लगेर हालिदिने पनि उजुरीकर्ताले बताएका छन्। कर्जा दिने बेला खाली नेपाली कागज र फोटोकपीमा ल्याप्चे र हस्ताक्षर गराउने सिन्सियरले ऋणी उपस्थित नै नभईकन मालपोत र यातायातबाट धितो नामसारी गर्छ।

– रमेश खड्का, ललितपुर

जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । *-संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

सरकारी वेबसाइट, डेटा र नेटवर्कको सुरक्षाका लागि १०२ बुँदे 'एडभाइजरी' जारी

काठमाडौं– सरकारी वेबसाइट, डेटा र नेटवर्कको सुरक्षाका लागि १०२ बुँदे 'एड्भाइजरी' जारी गरिएको छ । राष्ट्रिय साइबर सुरक्षा केन्द्रले सरकारी कार्यालयको सूचना प्रविधि प्रणालीलाई सुरक्षित राख्न तथा सम्भावित साइबर खतराबाट जोगाउन साइबर सुरक्षा एडभाइजरी जारी गरेको हो ।

एडभाइजरीमा सरकारी कार्यालयको वेबसाइट, एप्लिकेसन, सर्भर, नेटवर्क, डेस्कटप, ल्यापटप, मोबाइल उपकरण र सामाजिक सञ्जालको प्रयोगसँग सम्बन्धित विभिन्न सुरक्षात्मक उपायहरू समावेश गरिएका छन् । सरकारी कार्यालयको वेबसाइटमा समस्या देखिने, साइबर हमलामा पर्ने, सूचना चोरी हुनेलगायत समस्या देखिएपछि एडभाइजरी जारी गरिएको केन्द्रका निर्देशक राजकुमार महर्जनले जानकारी दिए । 'सामान्य अज्ञानता वा लापरबाहीका कारण गम्भीर साइबर समस्या सिर्जना भइरहेका छन् । हामीले यो कुरा प्रयोगकर्तालाई जानकारी गरायौं भने समस्या घट्ने अपेक्षा छ,' उनले भने, 'यो एडभाइजरी यो सरकारी निकायका कर्मचारीलाई मात्र होइन, सबै नागरिकका लागि हो ।'

सरकारी वेबसाइट वा एप्लिकेसनमा समस्या देखिँदा कुन व्यक्तिलाई सम्पर्क गर्ने भनेर 'फोकल पर्सन' तोक्नका लागि पनि केन्द्रले सबै मन्त्रालय, आयोग, विभागलाई पत्राचार गरेको छ । वेबसाइट र नेटवर्क सुरक्षाका लागि नियमित रूपमा वेबसाइट अद्यावधिक गर्ने, सुरक्षा परीक्षण गराउने र डेटाको नियमित 'ब्याकअप' राखी व्यवसाय निरन्तरता योजना लागू गर्ने सल्लाह एडभाइजरीमार्फत दिइएको छ । त्यस्तै, एन्टिभाइरस, डेटाबेस, एप्लिकेसन लाइब्रेरी र अपरेटिङ सिस्टमहरू अद्यावधिक गर्ने र मल्टिफ्याक्टर प्रमाणीकरण लागू गर्न निर्देशन गरिएको छ ।

एडभाइजरीमार्फत डेस्कटप, ल्यापटप र प्रिन्टर सुरक्षाका लागि लाइसेन्स प्राप्त सफ्टवेयर मात्र प्रयोग गर्न, सिस्टम र बायोसलाई स्वचालित रूपमा अद्यावधिक गर्न र प्रिन्टरहरूलाई इन्टरनेट पहुँचबाट अलग राख्ने उपाय अपनाउन भनिएको छ । पासवर्ड व्यवस्थापनका लागि सजिलै अनुमान गर्न नसकिने पासवर्ड राख्ने, तीन महिनामा कम्तीमा एक पटक परिवर्तन गर्ने र गोपनीयता कायम राख्न मल्टिफ्याक्टर प्रमाणीकरण प्रयोग गर्न सिफारिस गरिएको छ । इन्टरनेट ब्राउजिङ सुरक्षाका लागि सुरक्षित ब्राउजिङ विधिहरूको प्रयोग, अद्यावधिक ब्राउजरको प्रयोग र व्यक्तिगत जानकारी अनधिकृत वेबसाइटमा सेयर गर्न भनिएको छ ।

सामाजिक सञ्जाल (सोसल मिडिया) मा अनधिकृत सामग्री पोस्ट नगर्न र व्यक्तिगत जानकारी सीमित मात्रामा प्रयोग गर्न तथा मोबाइल उपकरणको सुरक्षाका लागि अद्यावधिक गरिएको अपरेटिङ सिस्टम, विश्वसनीय स्रोतबाट मात्र एप डाउनलोड गर्नेलगायत विषयमा ध्यान दिनुपर्नेमा जोड दिइएको छ । यी उपायहरूको प्रभावकारी कार्यान्वयन गर्न सम्बन्धित कर्मचारीहरूलाई नियमित रूपमा साइबर सुरक्षा तालिम दिने व्यवस्था गर्न पनि केन्द्रले आग्रह गरेको छ ।

केन्द्रले वेबसाइट अपडेट, डेटा ब्याकअप, सुरक्षित पासवर्ड, मल्टि-फ्याक्टर प्रमाणीकरण, नेटवर्क सेगमेन्टेसन र एन्टिभाइरस अपडेटलगायत कुरामा ध्यान पुऱ्याएर साइबर सुरक्षालाई सुदृढ बनाउन सकिने जनाएको छ । यी सुरक्षात्मक उपायहरूले सरकारी प्रणालीलाई साइबर खतराबाट बचाउने र नागरिक सचेतनासमेत बढ्ने अपेक्षा गरिएको केन्द्रका निर्देशक महर्जनले बताए ।

पासवर्ड व्यवस्थापन

पासवर्ड सुरक्षित बनाउन सहजै अनुमान गर्न नसकिने र बलियो पासवर्ड बनाउने सल्लाह केन्द्रले दिएको छ । यसका लागि ठूला र साना अक्षर, संख्या र विशेष चिह्नको संयोजन भएको कम्तीमा आठ वर्णको पासवर्ड प्रयोग गर्नुपर्ने छ । त्यस्तै, तीन महिनामा पासवर्ड अनिवार्यरूपमा परिवर्तन गर्नुपर्ने एडभाइजरीमा उल्लेख छ । व्यक्तिगत जानकारीहरू जस्तैः नाम, जन्ममिति, ठेगाना आदिको प्रयोग पासवर्डका रूपमा नगर्न भनिएको छ । कुनै पनि प्रणालीको डिफल्ट पासवर्ड तुरुन्त परिवर्तन गरी मल्टिफ्याक्टर प्रमाणीकरण प्रयोग गर्नुपर्नेमा जोड दिइएको छ । त्यस्तै, एउटै पासवर्डलाई विभिन्न सेवा वा प्रणालीमा प्रयोग नगर्न र पासवर्ड गोप्य राखी अनधिकृत व्यक्तिसँग सेयर नगर्न सुझाव दिइएको छ ।

इन्टरनेट ब्राउजिङ सुरक्षा

सरकारी एप्लिकेसन, बैंकिङ सेवा वा अन्य महत्त्वपूर्ण सेवाहरू प्रयोग गर्दा सधैं प्राइभेट ब्राउजिङ/इन्कग्निटो मोड प्रयोग गर्नुपर्ने एडभाइजरीमा उल्लेख छ । त्यस्तै, कुनै पनि वेबसाइटमा लिंकमा क्लिक नगरी ब्राउजरको एड्रेसबारमा डोमेन म्यानुअली टाइप गर्ने, ब्राउजरको नवीनतम संस्करण प्रयोग गर्ने र यसलाई नियमित अद्यावधिक गर्न भनिएको छ । ब्राउजरमा पासवर्ड वा भुक्तानीसम्बन्धी जानकारी सुरक्षित नगर्नसमेत सुझाव दिइएको छ । अनधिकृत थर्ड पार्टी सेवाहरू, जस्तैः नर्ड भिपिएन, एक्सप्रेस भिपिएन वा प्रोक्सीहरूको प्रयोग नगर्न र शंकास्पद वा पायरेटेड सामग्री डाउनलोड गर्नबाट जोगिन भनिएको छ ।

इमेल तथा फिसिङ आक्रमणबाट सुरक्षा

इमेलमार्फत हुने फिसिङ आक्रमणबाट बच्न अपरिचित व्यक्तिबाट आएका इमेल तुरुन्त नखोल्न र शंकास्पद अटचाचमेन्ट वा लिंक खोल्नबाट बच्नुपर्ने सल्लाह दिइएको छ । शंकास्पद इमेललाई स्प्याम रिपोर्ट गरी मेटाउनुपर्ने र आवश्यकबाहेकवेबपेजहरूमासस्क्राइब नगर्न भनिएको छ । इमेल सेवामा मल्टिफ्याक्टर प्रमाणीकरण सक्रिय गर्ने, सार्वजनिक वाइफाइ प्रयोग गरेर व्यावसायिक इमेल नखोल्ने र सकेसम्म सुरक्षित भिपिएनको प्रयोग गर्नुपर्ने एडभाइजारीमा उल्लेख छ ।

रिमुभेबल मिडिया सुरक्षाको उपाय

रिमुभेबल मिडिया (युएसबी, एक्स्ट्रनल हार्ड ड्राइभ आदि) प्रयोग गर्दा यसलाई प्रयोग गर्नुअघि स्क्यान गर्नुपर्ने र त्यसमा भएका संवेदनशील सामग्रीलाई पासवर्ड वा इन्क्रिप्सनका माध्यमबाट सुरक्षित गर्नुपर्ने जनाइएको छ । अनधिकृत स्रोतबाट प्राप्त मिडियाहरू प्रयोग नगर्न र कार्यालयद्वारा स्वीकृत मिडियाहरू मात्र प्रयोग गर्न एडभाइजरीमार्फत निर्देशन दिइएको छ ।

सामाजिक सञ्जाल सुरक्षासम्बन्धी

सामाजिक सञ्जाल प्रयोग गर्दा व्यक्तिगत जानकारी सीमित राख्न, अपरिचित व्यक्तिको फ्रेन्ड रिक्वेस्ट वा मेसेज स्वीकार गर्नुअघि राम्रोसँग जाँच गर्न र सरकारी जानकारी सार्वजनिक गर्नबाट जोगिन भनिएको छ । सरकारी इमेल ठेगाना सामाजिक सञ्जालमा पोस्ट नगर्न र सामाजिक सञ्जाल खातामा मल्टिफ्याक्टर प्रमाणीकरण लागू गर्न सुझाव दिइएको छ ।

मोबाइल सुरक्षा उपायहरू

मोबाइल उपकरणको सुरक्षाका लागि पछिल्लो अपडेट/प्याच लागू गर्न, एप्लिकेसन विश्वसनीय स्रोतबाट मात्र डाउनलोड गर्न र एप्लिकेसनले मागेको अनुमति ध्यानपूर्वक जाँच्नुपर्ने सल्लाह दिइएको छ । आवश्यकताबाहेक वाइफाइ, ब्लुटुथ, एनएफसी जिपिएसजस्ता सेन्सरहरू निष्क्रिय राख्न र मोबाइलमा एन्टिभाइरस सफ्टवेयर राख्न भनिएको छ । मोबाइल हराएमा ट्र्याक गर्न सकिने सुविधा सक्षम गर्न र आइएमइआई नम्बर सुरक्षित राख्न पनि एडभाइजरीमा उल्लेख छ । *रासस*

हिउँ चितुवा संरक्षण गर्न विद्यालयस्तरबाटै पहल

ताप्लेजुङ (प्रस)– हिउँ चितुवा संरक्षणका लागि विद्यालयस्तरबाटै थालिएको पहल प्रभावकारी भएको छ । 'स्नो लेपर्ड कन्सर्भेन्सी' टेका समूह नेपालको आर्थिक तथा प्रविधिक सहयोग र हिमाली संरक्षण मञ्चको सहजीकरणमा हिउँ चितुवा संरक्षण अभियान सुरु गरिएको छ ।

वि.सं. २०७८ देखि जिल्लाका विभिन्न विद्यालयमा हिउँ चितुवा संरक्षणसम्बन्धी शिक्षा प्रदान गर्न थालिएको हिमाली संरक्षण मञ्चका कार्यक्रम संयोजक रमेश राईले जानकारी दिए । उनका अनुसार हाल जिल्लामा 'हिउँ चितुवा संरक्षण शिक्षा सन्दर्भ' पाठचपुस्तक भाग-१, २, र ३ का माध्यमबाट अध्ययन हुँदै छ ।

हिमाली क्षेत्रका विद्यालयमा हिउँ चितुवाका विषयमा अध्ययन हुँदै आएको छ । फक्ताङलुङ गाउँपालिकाको घुन्सा आधारभूत विद्यालय, सरस्वती माध्यमिक विद्यालय र रविकला माध्यमिक विद्यालयमा यो अध्ययनलाई विशेष प्राथमिकता दिइएको छ । यस्तै, मिक्वाखोला गाउँपालिकाको साँवा माध्यमिक विद्यालय र बालदेन माध्यमिक विद्यालयका कक्षा ६ देखि ८ सम्मका विद्यार्थीलाई पनि हिउँ चितुवा संरक्षणसम्बन्धी शिक्षा प्रदान गरिँदै आएको छ । सिरिजंघा गाउँपालिकाको सरस्वती माविलाई समेत समेट्दै ताप्लेजुङका छवटा विद्यालयमा हाल ३७८ विद्यार्थीले हिउँ चितुवाका विषयमा अध्ययन गर्दै आएका छन् ।

हिमाली संरक्षण मञ्चको सहजीकरणमा यहाँ हिउँ चितुवा संरक्षणका लागि विभिन्न कार्यक्रम सञ्चालन भइरहेको छ । नेचर टुर, रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण र हिउँ चितुवा प्रकृति भ्रमणजस्ता कार्यक्रममार्फत विद्यार्थी र समुदायलाई संरक्षणप्रति जागरूक कार्यक्रम गर्दै आएको कार्यक्रम संयोजक राईले बताए । राईका अनुसार समुदायसँग चिया-कफीका कार्यक्रम आयोजना गर्दै हिउँ चितुवाको महत्त्वबारे छलफल गरिँदै आएको छ । प्रत्येक वर्ष कात्तिक ७ गते अन्तर्राष्ट्रिय हिउँ चितुवा दिवसका अवसरमा विशेष कार्यक्रम आयोजना गरिन्छ । यस दिन विद्यार्थी र समुदायलाई लक्षित गरी विविध क्रियाकलाप सञ्चालन हुने गर्छ ।

फक्ताङलुङ गाउँपालिकाका अध्यक्ष राजन लिम्बूका अनुसार विद्यालयस्तरबाटै संरक्षण शिक्षाको थालनी हुनु जैविक विविधता जोगाउनका लागि अत्यन्त सकारात्मक कार्यक्रम भएको छ । फक्ताङलुङ बालबालिकामा प्रकृति र वन्यजन्तुप्रतिको सद्भाव र संरक्षणको भावना विकास गर्न मद्दत पुऱ्याएको गाउँपालिका-५ का वडाध्यक्ष देउप्रसाद ताप्मादेनले बताए ।

हुलाक सेवा विभागलाई प्रविधिमैत्री बनाइने

काठमाडौं (प्रस)– सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले हुलाक सेवा विभागलाई प्रविधिमैत्री बनाइने बताएका छन् ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा आइतबार हुलाक सेवा विभागले आयोजना गरेको 'एक स्थानीय तह एक हुलाक' कार्यालय स्थापना घोषणा कार्यक्रमको उद्घाटन गर्दै उनले हुलाकको नीति परिवर्तन आवश्यक रहेको बताए । मुलुक रूपान्तरणसँगै नीति र विधि फेरिन नसक्दा विकास ओझेलमा परेको धारणा उनले राखे । उनले यो वर्षभित्र पुराना सबै नीति र ऐन संशोधन गरेर समायानुकूल बनाउनमा गम्भीरताका साथ लागेको जानकारी दिए ।

हुलाक सेवा निकै पुरानो र महत्त्वपूर्ण भएकाले यसलाई आधुनिकीकरण गरी प्रविधिमैत्री बनाउन जरुरी रहेको उनको भनाइ छ । 'अब हुलाकको नीति परिवर्तन हुन्छ,' मन्त्री गुरुङले भने, 'हुलाकलाई प्रविधिमैत्री बनाउने विषयमा मन्त्रालय सधैं संवेदनशील छ ।'

उक्त कार्यक्रममा स्थानीय तहका हुलाक कार्यालयका कर्मचारी सहभागी थिए । मन्त्री गुरुङले हुलाक जनसेवामुखी बनाउन कर्मचारीहरूलाई आग्रहसमेत गरे । 'हुलाक सेवाको प्रभावकारिता केन्द्रमा रहेको गोश्वारा हुलाक कार्यालयबाट सुरु गर्नुहोस्, अरु स्थानीय तहका हुलाक कर्मचारीले आ-आफ्नो क्षेत्रमा सेवा प्रभावकारी बनाउनुहोस्,' उनले भने । कार्यक्रममा हुलाक विभागकी महानिर्देशक मनमाया भट्टराई पंगेनीले गोश्वारा हुलाक कार्यालयको अवस्था र स्थानीय तहका हुलाक कार्यालयको सुधारका चुनौती तथा कार्ययोजना मन्त्रीसमक्ष जानकारी गराएकी थिइन् ।

कतारमा रोजगार

कम्पनी : QD RECYCLING FACTORY

पूर्व स्वीकृति मिति : २०८१/१०/१३ | LT. No. 317613 | चलानी नं. ६०२३१९८०

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव QR	मासिक तलव ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Driver	3	0	1400	५२,९७०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Electric Tech	1	0	1200	४५,३९५							
3	Gen Clean Workers	1	0	1000	३७,८३०							
4	Mechanic	3	0	1200	४५,३९५							
5	Metal Pour Tech	1	0	1800	६८,०१०							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २१ गते (3rd Feb. 2025) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	नि:शुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CHANDRAKAMANA
Govt. License No. 1405/074/75

CHANDRA KAMANA MANPOWER PVT.LTD. (A.D. CAREERS PVT.LTD.)
Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339, 9813768590
E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com

---

नेपाल सरकार
ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना, सिन्धुली

सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको-१३२ के.भी. डबल सर्किट विद्युत प्रसारण लाइन आयोजनाको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को सार्वजनिक सुनुवाई सम्बन्धी सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/१०/१४

प्रस्तावको मुख्य विशेषता तथा प्रभाव पर्न सक्ने गाउँपालिका/ नगरपालिका तथा वडाहरु :

प्रस्तावको व्यहोरा	प्रभाव पर्ने जिल्ला, नगरपालिका / गाउँपालिका तथा वडाहरु
प्रस्तावित योजनाले १३२ के.भी. डबल सर्किट विद्युत प्रसारण लाइन निर्माण गर्ने, प्रसारण लाइनको कुल लम्बाई ४२ कि.मी.	**सिन्धुली जिल्ला :** कमलामाई नगरपालिका वडा.नं. १ र २ मरिण गाउँपालिका वडा नं. ४, ६ र ७ **सर्लाही जिल्ला :** लालबन्दी नगरपालिका वडा नं. १, १२ र १४ हरिवन नगरपालिका वडा नं. २ र ३

प्रस्तावकको नाम : सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना, सिन्धुली

वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ को नियम (६) बमोजिम प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारीको क्रममा वातावरणीय सवालहरूबारे राय सुझाव संकलन गर्नुपर्ने भएकोले स्थानीय तहका प्रतिनिधिहरु, वन उपभोक्ता समूहका प्रतिनिधिहरु, स्थानीय जनता, संघ संस्थाका प्रतिनिधिहरु तथा सरोकारवालाहरुको बिच प्रस्तावको बारेमा सार्वजनिक सुनुवाई निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्बन्धित सबैको सक्रिय सहभागिताको लागि अनुरोध गरिन्छ ।

सार्वजनिक सुनुवाइ हुने मिति, समय र स्थान :

मिति, समय र स्थान	स्थान
२०८१/१०/२१ विहान ११ :०० बजे	सर्लाही जिल्ला, हरिवन नगरपालिका वडा नं. ३ को वडा कार्यालय
२०८१/१०/२२ विहान ११ :०० बजे	सर्लाही जिल्ला, लालबन्दी नगरपालिका वडा नं. १४ को वडा कार्यालय
२०८१/१०/२३ विहान ११ :०० बजे	सिन्धुली जिल्ला, मरिण गाउँपालिका वडा नं. ६ को वडा कार्यालय
२०८१/१०/२४ विहान ११ :०० बजे	कमलामाई न.पा. वडा नं. १ को वडा कार्यालय

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Hydrology and Meteorology
Office of Hydrology and Meteorology
Mahakali Basin Field Office
Attariya, Kailali

Notice for Shortlisting of Consultants

Date of Publication: 2081/10/14

As per the notice for Expression of Interest (EOI) for "Establishment of Mean Sea Level Benchmarks at different hydrological stations of Mahakali Basin (DHM/MBFO/C/EOL/01- 081/082)" published in the Prabhab National Daily on 2081/09/09, it is to inform that the following consulting firms have been short-listed as per the clause 30 (5) of the Public Procurement Act, 2063.

Shortlisted Consultants:

1. TMS-GES JV, Lalupate Marg, Kamalpokhari, Kathmandu.
2. e2services_Threshold_DSC JV, Anamagar-10, Kathmandu.
3. AMIT-MNEC-NES JV, New Baneshwor, Kathmandu.
4. EES-DRMS-Quest JV, Balkhu-14, Kathmandu.
5. KSM Engineering Consultancy Pvt. Ltd. Sanothimi, Bhaktapur.
6. Aviyaan Consulting (P) Ltd, Ekata Marga, New Baneshwor, Kathmandu.
7. KALI-PEES-APPOLO JV, New Baneshwor-10, Kathmandu.
8. ADMC-DESIRE-DECODE JV, Kusunti-13, Lalitpur.
9. Udaya-Rajdevi-Api Point JV, Babarmahal-11, Kathmandu.
10. EVERSAFE-BHUGOL-GEOSPATIAL JV, Baluwatar-04, Kathmandu.
11. SEG-AE, New Banewhsor - 31, Kathmandu.

Office Chief

Government of Nepal (GoN)
Likhu Tamakoshi Rural Municipality
Dhobi Bazar, Ramechhap.

Invitation for Bids

Date of publication: 27-01-2025 10:00 A.M.

1. Likhu Tamakoshi Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of the projects mentioned below under NCB Bidding Procedures. All other information and Bid Documents can be downloaded from PPMO website www.bolpatra.gov.np/egp. All the eligible bidders are requested to submit E-bid only as per Instruction with in mentioned period.

S. N	Contract Identification No	Name of Project	Estimated Amount, With PS NRs (Exclusive of VAT and Contingencies)	Bid Security Amount (Rs.)	Bid Document Fee	Pre-bid meeting Date	Deadline for bid submission	Bid Opening Date
1	LTRM/NCB/WORKS/17/2081/082	Burpa Khanepani Yojana	68,54,010.87	2,00,000	3000	20-02-2025 08:40	28-02-2025 12:00	02-03-2025
2	LTRM/NCB/WORKS/18/2081/082	Kotgau Khanepani eak Ghar eak dhara Nirman Yojana	21,51,043.54	65,000	3,000	24-02-2025 08:40	27-02-2025 12:00	02-03-2025

2. Bidders should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: Nepal Investment Bank Ltd.
   Name of Office: Likhu Tamakoshi Rural Municipality
   Office Account no: 07001400250016
   Rajaswa (revenue) Accont Name: Ga 1 1 Aantarik Rajaswa Khata
3. For Evaluation Criteria, please refer the respective Bid Document in PPMO website www.bolpatra.gov.np/egp
4. Likhu Tamakoshi Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

Chief Administrative Officer

रूपशाला

राजेश र शलोनीको स्वरमा 'कलेजकी सुन्दरी'

राजेश पायल राई र शलोनी राईको स्वरमा 'कलेजकी सुन्दरी' बोलको गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ । खगेन राई 'खगेन कहानी'को शब्द रहेको गीतलाई अर्जुन पोखरेलले संगीत तथा एरेञ्ज गरेका छन् । डान्सिङ बिटको गीतमा स्कुल, कलेज जीवनको रमाइला यादहरूलाई प्रेमिल भावमा गीतकार खगेनले उतारेका छन् । म्युजिक भिडियोलाई एलिश राईले निर्देशन गरेका छन् ।

रंगशाला

त्रिकोणात्मक टी-२० शृंखला

इन्दू बर्माको कप्तानीमा नेपाली टोली घोषणा

■ **प्रभाव संवाददाता**

काठमाडौं– यही माघ १७ गतेदेखि आयोजना हुने त्रिकोणात्मक त्रिकोणात्मक टी-२० शृंखलाका लागि नेपाली महिला राष्ट्रिय क्रिकेट टोली घोषणा गरिएको छ । नेपाल क्रिकेट संघ (क्यान) ले आइतबार इन्दू बर्माको कप्तानीमा १५ सदस्यीय टोली घोषणा गरेको हो ।

टोलीमा कप्तान बर्मासहित रुविना क्षेत्री, सीता राना मगर, पूजा महतो, विन्दू रावल, रेवती धामी, कविता कुँवर, सम्झना खड्का, ममता चौधरी, राजमती ऐरी, कविता जोशी, एलिसाकुमारी यादव, रोमा थापा, मनिषा उपाध्याय र इश्वरी विष्ट रहेका छन् । माघ २५ सम्म सञ्चालन हुने खेल कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा हुने छ ।

यस्तो छ खेल तालिका

नेपालले माघ १७ गते नेदरल्यान्ड्ससँग पहिलो खेल खेल्ने छ । माघ १८ गते नेदरल्यान्ड्स र थाइल्यान्ड भिड्ने छन् । यस्तै, नेपालले माघ १९ गते थाइल्यान्डसँग खेल्ने छ भने माघ २० गते नेदरल्यान्ड्स र नेपालबीच प्रतिस्पर्धा हुने छ ।

माघ २१ मा थाइल्यान्ड र नेदरल्यान्ड्स, माघ २२ मा थाइल्यान्ड र नेपाल, माघ २३ मा नेपाल र नेदरल्यान्ड्सबीच खेल हुने छ । यस्तै, माघ २४ गते नेदरल्यान्ड्स र थाइल्यान्ड भिड्ने छन् भने माघ २५ गते नेपाल र थाइल्यान्डबीच खेल हुने छ ।

एन्फा यु-१६ युथ लिग फुटबल

चर्च ब्वाइजले पुलिसलाई हरायो

काठमाडौं (प्रस)– एन्फा यु-१६ युथ लिग फुटबल प्रतियोगितामा चर्च ब्वाइज युनाइटेड क्लबले विभागीय टोली नेपाल पुलिस क्लबलाई पराजित गरेको छ । ललितपुरको सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा आइतबार सम्पन्न खेलमा चर्च ब्वाइजले पुलिसमाथि ४-१ को जित निकाल्दै प्रतियोगितामा पाँचौं जित दर्ता गराएको हो । जितसँगै चर्च ब्वाइजले सात खेलबाट १८ अंक जोडेको छ । पराजित पुलिसको समान खेलबाट १३ अंक रहेको छ ।

चर्च ब्वाइजको जितमा सनिल मगरले दुई गोल गरे भने अनिशकुमार मगर र सुशान्त थापामगरले एक/एक गोल गरे । पुलिसका लागि रोहन पोखरेलले सान्त्वना गोल गरे । खेलको चौथो मिनेटमै चर्च ब्वाइजले सुशान्त थापामगरको गोलमार्फत सुरुआती अग्रता लियो । त्यसपछि खेलको २६औं मिनेटमा चर्च ब्वाइजका अनिशकुमार मगरले गोल गरे । खेलको ३७औं मिनेटमा सनिल मगरले गोल गरेपछि खेलको पहिलो हाफमा चर्च ब्वाइजले पुलिसमाथि ३-० गोलको अग्रता बनायो । खेलको ६९औं मिनेटमा सनिल मगरले व्यक्तिगत दोस्रो तथा टोलीका लागि चौथो गोल गरे । खेलको ७१औं मिनेटमा पुलिसका रोहन पोखरेलले सान्त्वना गोल फर्काए ।

ताप्लेजुङको राष्ट्रपति रनिङ शिल्ड माघ २७ देखि हुने

ताप्लेजुङ– ताप्लेजुङको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता माघ २७ गतेदेखि मैवाखोला गाउँपालिकाको साँघुमा हुने भएको छ । जिल्ला खेलकुद विकास समितिले आयोजना गर्दै आएको प्रतियोगिताअन्तगर्त यस वर्ष १५औं संस्करण हुन लागेको हो ।

वार्षिकरूपमा यस प्रतियोगिता हुने पत्रकार सम्मेलनमार्फत जानकारी गराइएको छ । ताप्लेजुङ पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालनमा प्रत्येक स्थानीय तहमा पालोपालो हुने गरेको छ । प्रतियोगिता यस वर्ष मैवाखोला गाउँपालिकामा हुने भएको छ ।

समितिका अध्यक्ष नरेन्द्रकुमार मावोले माघ २७ देखि ३० गते सम्म मैवाखोला गाउँपालिकास्थित नारायणी मावि साँघुको खेल मैदानमा प्रतियोगिता सञ्चालन हुने जानकारी दिए ।

प्रतियोगितामा ६६ स्वर्ण, ६६ रजत र ७० कास्य गरी कूल २०२ पदकका लागि खेल हुने छ । भलिबल र कबड्डीतर्फ महिला र पुरुष दुवैमा सेमिफाइनल पुग्ने थप दुई-दुई टोलीलाई समेत कास्य पदक दिइने भएकोले कास्य पदकको संख्या स्वर्ण र रजतभन्दा बढी हुने समितिका कार्यालय प्रमुख यज्ञनिधि पौडेलले जानकारी दिए ।

जिल्ला खेलकुद विकास समितिले निर्देशिका र मापदण्डबाहिरका खेलाडीलाई प्रतियोगितामा समावेश नगर्ने प्रस्ट पारेको छ । अध्यक्ष मावोले निर्देशिका र मापदण्डअनुसारका खेलाडीमात्र प्रतियोगितामा समावेश गराइने जानकारी दिए ।

प्रतियोगिताको संयोजन गरिरहेको मैवाखोला गाउँपालिकाका अध्यक्ष विजयप्रकाश वनेमले प्रतियोगितामा विद्यालयस्तरमा लुकेका खेल प्रतिभाको स्वतन्त्र पहिचान र खेल क्षमता प्रवर्द्धनमा आधारित हुने भएकोले मापदण्ड र निर्देशिकाविपरीतका खेलाडीलाई प्रतियोगितामा नपठाउन आग्रह गरेका छन् ।

'मौन' को फस्टलुक पोस्टर सार्वजनिक

■ **प्रभाव संवाददाता**

काठमाडौं– अनुसन्धानमा आधारित डकुड्रामा 'मौन' को फस्टलुक पोस्टर सार्वजनिक गरिएको छ । सेलिब्रेटी टाइम्सको ब्यानरमा निर्माण गरिएको यस फिल्मलाई विभिन्न फेस्टिभल, च्यारिटी शो तथा विशेष प्रदर्शनमार्फत दर्शकमाझ पुर्‍याउने तयारी गरिएको छ ।

शनिबार सार्वजनिक पोस्टरमा फिल्मकी मुख्यपात्र प्रार्थना पाठकलाई फिचर्ड गरिएको छ । कलाकारहरू सरोज खनाल र हिउँवाला गौतम लगायतलाई भने लुकाइएको छ । पोस्टरसँगै फिल्मका मुख्य टिम सदस्यहरू पनि सार्वजनिक गरिएका छन् ।

फिल्मका निर्देशक तथा निर्माता रामजी ज्ञवालीले आफ्नो अफिसियल फेसबुक पेजमार्फत भनेका छन्, 'मौन कुनै व्यावसायिक प्रोजेक्टमात्र होइन, न त हलमा दर्शक तान्न अनावश्यक भ्रम छर्ने कुनै योजना । यो एउटा वास्तविक जीवनसँग जोडिएको कथा हो, जसले समाजलाई सचेत बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने छ ।'

फिल्मको कथा निर्देशक रामशरण पाठकले लेखेका हुन् । सिनेमाटोग्राफी संकल्प भुजेल, सहायक निर्देशन वसन्त अधिकारी तथा पोस्टर फोटोसुट कुवेर डंगोलको रहेको छ भने पोस्टर टौवा स्टुडियोमा निर्माण भएको हो । यस फिल्ममा सरोज खनाल, हिउँवाला गौतम, नवकलाकारहरू प्रार्थना पाठक, ओजस्वी विक्रम विस्ट, दिवस नाथलगायतका कलाकार रहेको जनाइएको छ । फिल्मका सहायक निर्माता हरी क्षेत्री हुन् ।


CELEBRITY TIMES PRESENTS
CT
मौन
DIRECTOR/PRODUCER
RAMJI GNAWALI
CAST SAROJ KHANAL, HIUNBALA GAUTAM, PRATHANA PATHAK, OJASHVI BIKRAM BISTA, DIWAS NATH
EDIT NAHAKUL KHADKA DOP SANKALP BHUJEL SOUND DESIGN/MIX BHARAT KANDEL COLORIST RAJENDRA MOKTAN
POSTER SHOOT KUBER DANGOL (KD9STUDIO) CHIEF ASSISTANT DIRECTOR BASANT ADHIKARI STORY RAM SHARAN PATHAK
CO-PRODUCER HARI CHHETRI BHUPENDRA
GET READY FOR SPECIAL SCREENING
TAUWA STUDIO

युएइमा रोजगार कम्पनी : Abu Dhabi Berkeley Services LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/११ LT. No. 315845 चलानी नं.६०२३०२३२

सि.नं.	कामदारको पद	माग संख्या		मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	AED	ने.रु.							
1	Cleaners	125	75	800	२९,९८५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : Berkeley Security Services & Building Cleaning (Br. Of Berkeley Services UAE LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/१३ LT. No. 317675 चलानी नं.६०२३१९७२

सि.नं.	कामदारको पद	माग संख्या		मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	AED	ने.रु.							
1	Cleaner	100	50	800	२९,९८५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Security Guards	50	0	1200	४४,९७५							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति: २०८१ माघ २१ र २२ गते (3 & 4 Feb. 2025) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने
कामदार आफैं	दिने	कामदार आफैले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैँले	नि:शुल्क	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Proficient Employment Services Pvt.Ltd
श्रम इजाजत नं. १५८२/०७९/८०
KMC-26, Town Planning, Samakhushi, KTM, Contact: 977-5918725/4970500/4970600

बहराइन/साउदीमा रोजगार कम्पनी : MJ CLASSIC SHAWARMA

पूर्व स्वीकृति मिति : २०८१/१०/१३ LT. No. 317695 चलानी नं. ६०२३१९६१

सि.नं.	कामदारको पद	माग संख्या		मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	BD	ने.रु.							
1	Assistant Cook	10	0	150	५४,८३५	क.नि.अनुसार	८ घण्टा	६ दिन	क.नि.अनुसार	छ		२ वर्ष
2	General Worker/kitchen Helper	5	0	140	५१,१८०							
3	Waiter	5	0	140	५१,१८०							

कम्पनी : AL RASHID TECHNOLOGY AND POWER CO

पूर्व स्वीकृति मिति : २०८१/०६/३० पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/१३ LT. No. 312231 चलानी नं. ६०२२६६१७

सि.नं.	कामदारको पद	माग संख्या		मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	SR	ने.रु.							
1	Heavy Driver Truck/Trailer	5	0	1500	५४,८३५	क.नि.अनुसार	८ घण्टा	६ दिन	क.नि.अनुसार	छ		२ वर्ष
2	Heavy Equipment Operator	1	0	1500	५१,१८०							
3	Technician Labour (General Labour)	2	0	1000	५१,१८०							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति: २०८१ माघ २१ गते (3rd Feb. 2025) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने
कामदार आफैं	दिने	कामदार आफैले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैँले	नि:शुल्क	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SHADA EMPLOYMENT SERVICES PVT.LTD.
Gaushala-9, Opposite to Hotel Dwarika, Nepal, Tel: 01-4565453
E-mail : dawa007grg@gmail.com, md@shadaes.com.np, Website : www.shadaes.com.np
श्रम इजाजत नं. १३८७/०७४/०७५

मलेसिया/साउदीमा रोजगार कम्पनी : CHOO BEE PLANTATIONS SDN BHD

पूर्व स्वीकृति मिति : २०८१/१०/११ LT. No. 317687 चलानी नं.६०२३१९३८

सि.नं.	कामदारको पद	माग संख्या		मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	RM	ने.रु.							
1	General Worker/P.O.	5	0	1500	४७,१७५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

कम्पनी : COMPANY MUTEB HAADI AL-QAHTANI FOR TRADIND

पूर्व स्वीकृति मिति : २०८१/०७/०७ पूर्व स्वीकृति मिति : २०८१/१०/१३ LT. No. 312167 चलानी नं. ६०२२७१८५

सि.नं.	कामदारको पद	माग संख्या		मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	SR	ने.रु.							
1	trailer truck driver	3	0	1800	६६,०६०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति: २०८१ माघ २१ गते (3rd Feb. 2025) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोषसम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने
कामदार आफैं	दिने	कामदार आफैले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैँले	नि:शुल्क	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 333/059/60
SUHASHA LINK PVT. LTD.
Samakhusi-14, Tokha, Kathmandu, Nepal, Tel: 01 4982668, 4962338
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,

कतारमा रोजगार कम्पनी : GREEN CITY CONTRACTING & SERVICES

पूर्व स्वीकृति मिति : २०८१/०६/१४ पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/१३ LT. No. 311526 चलानी नं. ६०२२६०५८

सि.नं.	कामदारको पद	माग संख्या		मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	QR	ने.रु.							
1	Driver	2	0	1400	५२,९६०	क.नि.अनुसार	८ घण्टा	६ दिन	क.नि.अनुसार	छ		२ वर्ष
2	Gen Clean Worker	0	1	1000	३७,८२८							
3	Gen Clean Workers	0	2	1000	३७,८२८							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति: २०८१ माघ २१ गते (3rd Feb. 2025) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोषसम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने
कामदार आफैं	दिने	कामदार आफैले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैँले	नि:शुल्क	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९५४/०६७/६८
VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

साउदीमा रोजगार कम्पनी : Al-Irtiqaa Al-Arabiya General Contracting Company is a one-person company

पूर्व स्वीकृति मिति : २०८१/१०/१३ LT. No. 317634 चलानी नं. ६०२३२००४

सि.नं.	कामदारको पद	माग संख्या		मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	SR	ने.रु.							
1	Heavy Equipment Driver	1	0	2500	९१,७५०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति: २०८१ माघ २१ गते (3rd Feb. 2025) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने
कामदार आफैं	दिने	कामदार आफैले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैँले	१०,०००	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम इजाजत नं. १७२/०५६/५७

युएइमा रोजगार कम्पनी : DESERT EAGLE ELECTROMECHANICAL LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/१३ LT. No. 317754 चलानी नं. ६०२३१९८७

सि.नं.	कामदारको पद	माग संख्या		मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	AED	ने.रु.							
1	Building Painter	4	0	1200	४४,९७५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति: २०८१ माघ २१ गते (3rd Feb. 2025) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने
कामदार आफैं	दिने	कामदार आफैले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैँले	नि:शुल्क	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

YOUNG MANPOWER PVT.LTD.
Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816
E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np/
Govt. License No. 1047/073/74

युएइमा रोजगार कम्पनी : NOOR ALNJAT TECHNICAL SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१०/११ LT. No. 317726 चलानी नं. ६०२३१९४८

सि.नं.	कामदारको पद	माग संख्या		मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	AED	ने.रु.							
1	Carpenter	3	0	1200	४४,९७५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Steal Fixer	3	0	1200	४४,९७५							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति: २०८१ माघ २१ गते (3rd Feb. 2025) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोषसम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने
कामदार आफैं	दिने	कामदार आफैले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैँले	नि:शुल्क	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

